International Strategy
ISDR
for Disaster Reduction

# Terminology on DISASTER RISK REDUCTION

# विपद् जोखिम न्यूनिकरणसम्बन्धी शब्दावली




Asian Disaster Reduction and Response Network (ADRRN)

NSET
National Society for Earthquake Technology-Nepal (NSET)



February 2010

# UNISDR Terminology on Disaster Risk Reduction

English edition Published by the United Nations International
Strategy for Disaster Reduction (UNISDR)
Geneva, Switzerland, May 2009

Nepali Edition published by
National Soceity for Earthquake Technology-Nepal (NSET)
with the support from
Asian Disaster Reduction and Response Network (ADRRN)
UNISDR Asia Pacific Office, Bangkok

**नेपाली संस्करणका लागिः**

**प्रमुख सम्पादकः**

आमोद मणि दीक्षित

**सम्पादन समूहः**

सूर्य नारायण श्रेष्ठ
निभा उप्रेती
खड्गसेन ओली

**चित्र तथा सज्जाः**

चन्दन ध्वज राना मगर

यो शब्दावली UNISDR को एशिया-प्रशान्त क्षेत्रीय कार्यालय, बैंककको सहयोग तथा विपद् न्यूनिकरण एवं प्रतिकार्यका लागि एशियाली संजाल (ADRRN) को समन्वयमा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) द्वारा प्रकाशित गरिएको हो । यसमा समाविष्ट विषयवस्तु एवं जानकारीहरु UNISDR द्वारा तयार पारिएका सामग्रीमा आधारित छन् । शब्दहरुको नेपालीरुप नेपाल सरकार गृह मन्त्रालय र Action Aid Nepal को सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) द्वारा मिति २०६४ माघ ५-६ मा काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा आयोजित कार्यशालामा सहभागी वरिष्ठ साहित्यकार, भाषाशास्त्री तथा नेपाल सरकार गृह मन्त्रालय, Action Aid Nepal एवं NSET का प्राविधिकहरुद्वारा निरुपण गरिएको हो ।

## प्राक्कथन

यस प्रकाशनमा विपद् न्यूनिकरणका लागि अन्तर्राष्ट्रिय रणनीति नामक (UN International Strategy for Disaster Reduction, राष्ट्रसंघीय निकाय UNISDR) द्वारा तयार पारिएका विपद् जोखिम न्यूनिकरणसम्बन्धी शब्दावली २००९ मा समाविष्ट शब्दहरुको नेपाली रुपान्तर संग्रहित छन् । विपद् जोखिम न्यूनिकरणका क्षेत्रमा प्रचलित समसामयिक अवधारणा र नवीन अभ्यासहरुमा प्रयुक्त हुने शब्दहरुलाई यसमा समावेश गरिएको छ यद्यपि सामान्य शब्दकोशमा भेटिने अन्य शब्दहरुलाई भने समेटिएको छैन । बरु त्यति व्यापक प्रयोगमा नआइसकेका तर विपद् न्यूनिकरणका क्षेत्रमा अत्यन्त सान्दर्भिक हुन पुगेका उदीयमान नवीन अवधारणाहरुलाई "*" चिन्हले जनाउँदै विशेष उल्लेखका साथ समावेश गरिएका छन् ।

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) द्वारा यस शब्दावलीको प्रस्तुत नेपाली संस्करणको प्रमुख उद्देश्य विपद् जोखिम न्यूनिकरणसम्बन्धी विश्वव्यापी रुपमा प्रयुक्त हुने शब्दावली तथा अवधारणालाई सुस्पष्ट व्याख्यान् एवं सहयोगी दृष्टान्तमार्फत् नेपाली पाठकहरुको पहुँच र सहज बुझाइको दायरामा पुर्‍याउनु रहेको छ । साथै विपद् जोखिम न्यूनिकरणका प्रयाशमा विश्वका विभिन्न मुलुकमा गरिएको प्रवलहरुबारे नेपाली संस्था र समूदायले अन्तरदेशीय र अन्तराष्ट्रिस्तरको वार्ता एवं ज्ञानको आदानप्रदानमा नेपालीहरु सबलढंगले सहभागी हुन सकून भन्ने रहेको छ । विपद् अल्पीकरणका सैद्धान्तिक एवं व्यवहारिक पक्षलाई आधारभूत रुपमा सही ढंगले पहिचान र सम्बोधन गर्ने दिशामा समेत यस प्रकाशनले उल्लेख्य सहयोग पुर्‍याई नेपाल र नेपाली समुदायले कुशल विपद् व्यवस्थापनका लागि आवश्यक सक्षमता एवं निरन्तरको उत्थानशीलता बढाउन सकून भन्ने अपेक्षा समेत गरिएको छ ।

यस प्रकाशनमा संग्रहित अंग्रेजी शब्दहरुको नेपाली रुपान्तर आधिकारिक रुपमा २०६४ माघ ५-६ मा नेपाल सरकार गृह मन्त्रालय र Action Aid Nepal को सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाजद्वारा आयोजित कार्यशालामा सहभागी हुनुभएका नेपालका वरीष्ट भाषाशास्त्री, साहित्यकार तथाा विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा क्रियाशील व्यक्तिहरुको

कार्यशालाद्वारा निरुपण गरिएको थियो । त्यस कार्यशालामा शुरु भएको बिद्वत्-चिन्तनले प्रदान गरेको मार्गदिशाले आज यो प्रकाशनमा सघाउ पुऱ्याएको हुँदा NSET ती सम्मानित व्यक्तित्वहरुप्रति पुनः धन्यवाद व्यक्त गर्दछ ।

नेपाली पाठकहरुमाझ यस्तो उपयोगी सामग्री पस्कन पाएकोमा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) को तर्फबाट यो सुअवसर जुटाइदिने राष्ट्रसंघीय निकाय ISDR र विपद् न्यूनिकरण एवं प्रतिकार्यका लागि एशियाली संजाल (ADRRN) प्रति कृतज्ञता प्रकट गर्दछौं । यस पुस्तिकाको स्तर र उपयोगिता अभिवृद्धिका लागि सम्पूर्ण पाठक, अध्येता एवं बिभिन्न क्षेत्रका व्यक्तित्वहरुबाट रचनात्मक टिप्पणी र प्रतिक्रिया प्राप्त हुने कुरामा हामी विश्वस्त छौं ।

**आमोद मणि दीक्षित**
कार्यकारी निर्देशक
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET)
फागुन, २०६६

# अनुक्रमणिका

प्राक्कथन ....................................................................................१
Acceptable Risk - स्वीकार्य जोखिम ....................................................५
Adaptation- अनुकूलनः ...........................................................................६
Biological Hazard- जैविक प्रकोप ..........................................................७
Building Code- भवन निर्माण संहिता ...................................................... ८
Capacity- क्षमता, सक्षमता..........................................................................९
Capacity Development- क्षमता विकास ...........................................१०
Climate Change- जलवायू परिवर्तन .................................................. 11
Contingency Planning- आकस्मिककाल व्यवस्थापन ..........................१३
Coping Capacity- प्रकोप सामना (भीडन्त) क्षमता..................................१५
Corrective Disaster risk Management*- सुधारात्मक विपद् जोखिम व्यवस्थापन....................................................................१६
Critical Facilities- नाजुक अवस्थाका लागि सुविधाहरु (अत्यावश्यक सुविधाहरु)....................................................................................१७
Disaster- विपद्....................................................................................... 19
Disaster Risk- विपद् जोखिम .............................................................२१
Disaster Risk Management- विपद् जोखिम व्यवस्थापन ..................२३
Disaster Risk Reduction- विपद् जोखिम न्यूनिकरण...........................२५
Disaster Risk Reduction Plan*- विपद् जोखिम न्यूनिकरण योजना ..... २८
Early Warning System- पूर्वचेतावनी प्रणाली.......................................३०
Ecosystem Services- जीवपरिवृति पद्धतिका सेवाहरु ...........................३२
El Niño-Southern Oscillation phenomenon (ENSO) - एल निनो-दक्षिणी समुद्री स्वभाव ...................................................... ३४
Emergency Management- आपत्कालीन व्यवस्थापन ........................ ३६
Emergency Services- आपत्कालीन सेवाहरु .................................... ३८
Environmental Degradation- वातावरणीय ह्रास ............................४०
Environmental Impact Assessment- वातावरणीय प्रभाव मूल्यांकन.. ४१
Exposure- सम्मुखता ........................................................................ ४३
Extensive risk*- विस्तीर्ण वा व्यापक जोखिम ...................................४४
Forecast- पूर्वानुमान.......................................................................... ४६

Geological Hazard- भौगर्भिक प्रकोप ........................................... ४७
Greenhouse gases- हरितगृह ग्याँसहरु ........................................... ४९
Hazard- प्रकोप ........................................... ५०
Hydrometeorological Hazard– जल तथा मौसमविज्ञान सम्बद्ध प्रकोप. ५२
Intensive Risk*- सघन जोखिम ........................................... ५४
Land-use Planning- भू-उपयोग योजना ........................................... ५५
Mitigation- अल्पीकरण ........................................... ५७
National Platform for Disaster Risk Reduction- विपद् जोखिम न्यूनिकरणका लागि राष्ट्रिय कार्यमञ्चः ........................................... ५९
Natural Hazards- प्राकृतिक प्रकोपः ........................................... ६१
Preparedness- पूर्वतयारीः ........................................... ६३
Prevention- निवारण ........................................... ६५
Prospective Disaster Risk Management*- संभाव्य विपद् जोखिम व्यवस्थापन ........................................... ६७
Public Awareness- जनचेतना ........................................... ६८
Recovery- पुनर्लाभ ........................................... ६९
Residual Risk- अवशिष्ट जोखिम ........................................... ७१
Resilience- उत्थानशीलता ........................................... ७२
Response- प्रतिकार्य ........................................... ७३
Retrofitting- प्रवलीकरण ........................................... ७४
Risk - जोखिम ........................................... ७६
Risk Assessment- जोखिम मूल्यांकन ........................................... ७८
Risk Management- जोखिम व्यवस्थापन ........................................... ८०
Risk Transfer- जोखिम स्थानान्तरण ........................................... ८२
Socio-natural Hazard*- सामाजिक-प्राकृतिक प्रकोप ........................................... ८४
Structural and non-structural Measures- संरचनात्मक तथा गैर-संरचनात्मक उपायहरु ........................................... ८६
Sustainable Development- दिगो विकास ........................................... ८८
Technological Hazard- प्रविधिगत प्रकोप ........................................... ९०
Vulnerability- संकटासन्नता ........................................... ९२
प्राक्कथन ........................................... ९४

## Acceptable Risk - स्वीकार्य जोखिम



The level of potential losses that a society or community considers acceptable given existing social, economic, political, cultural, technical and environmental conditions.

(कुनै) समाज वा समुदायले विद्यमान सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, प्राविधिक तथा वातावरणीय अवस्थालाई विचार गरेर स्वीकार्य भनी ठहऱ्याएको संभावित क्षतिको स्तर ।

Comment: In engineering terms, acceptable risk is also used to assess and define the structural and non-structural measures that are needed in order to reduce possible harm to people, property, services and systems to a chosen tolerated level, according to codes or "accepted practice" which are based on known probabilities of hazards and other factors.

टिप्पणी: इन्जिनियरिङ्ग शब्दावलीमा "स्वीकार्य जोखिम" (Acceptable Risk) भन्ने भाव संरचनात्मक वा गैर-संरचनात्मक प्रणालीको लक्षित सुदृढताको आकंलनभित्र संन्निहित हुन्छ । जस्तै निर्माण संहिताले अमुक स्तरको लाभ प्राप्त गर्न सकिन्छ तथा खर्च लाभको त्यो समीकरणले प्रकोपद्वारा हुनसक्ने जनधन औ सेवा र प्रणालीमा समाजमा चित्त बुभ्दो तवरले संभावित हानी नोक्सानीलाई न्यून पार्दछ । यो शब्दावली संरचनात्मक तथा गैर-संरचनात्मक उपायहरु लेखाजोखा गर्न वा परिभाषित गर्न पनि उपयोग गरिन्छ जुन प्रकोप वा अन्य कारक तत्वहरुको संभाव्यतामा आधारित संहिता (Codes) वा "प्रचलित अभ्यास (Accepted Practice)" का अनुसार मानवीय, पूँजीगत, सेवामूलक तथा प्रणालीगत क्षेत्रहरुमा हुनसक्ने संभावित हानी नोक्सानीलाई खास सहनशीलताको स्तर (Chosen Tolerated Level) सम्म न्यून पार्न आवश्यक पर्दैन ।

## Adaptation- अनुकूलन




The adjustment in natural or human systems in response to actual or expected climatic stimuli or their effects, which moderates harm or exploits beneficial opportunities.

प्राकृतिक तथा मानवीय कृयाकलाप औ प्रणालीमा गरिने समायोजन प्रकृया जसले गर्दा वास्तविक वा अपेक्षित जलवायू अदलबदल (Climatic Stimuli) वा त्यस्ता प्रभावहरुबाट हुने हानी-नोक्सानीको अल्पीकरण गर्ने तथा तद्जन्य उपयोगी अवसरहरुबाट अधिकतम लाभ लिन सकिन्छ ।

Comment: This definition addresses the concerns of climate change and is sourced from the secretariat of the United Nations Framework Convention on Climate Change (UNFCCC). The broader concept of adaptation also applies to non-climatic factors such as soil erosion or surface subsidence. Adaptation can occur in autonomous fashion, for example through market changes, or as a result of intentional adaptation policies and plans. Many disaster risk reduction measures can directly contribute to better adaptation.

टिप्पणी: यस परिभाषाले जलवायू परिवर्तनको सरोकारहरुलाई सम्बोधन गर्दछ । यसको स्रोत जलवायू परिवर्तनसम्बन्धी राष्ट्रसंघीय कार्यसंरचना महासभा (UNFCCC) द्वारा प्रतिपादित “अनुकूलन”भन्ने अभिव्यक्तिको व्यापक अवधारणा भित्र “जलवायू” सँग सम्बन्ध नरहेका टडकारो भू-स्खलन जस्ता कारक प्रकृया वा परिणाम समेत समावेश हुन सक्छन् । अनुकूलनको प्रकृया स्वत:स्फूर्त हुनसक्छ । उदाहरणका लागि बजार परिवर्तनमार्फत अथवा अनुकूलन प्रकृयालाई सहायता पुग्ने किसिमका सरकारी नीति तथा योजनाहरुको परिणामको फलस्वरुप विपद् जोखिम न्यूनिकरणका अधिकांश उपायहरुले अनुकूलन कार्यलाई बढावा दिन योगदान दिन्छन् ।

## Biological Hazard- जैविक प्रकोप




Process or phenomenon of organic origin or conveyed by biological vectors, including exposure to pathogenic micro-organisms, toxins and bioactive substances that may cause loss of life, injury, illness or other health impacts, property damage, loss of livelihoods and services, social and economic disruption, or environmental damage.

जैविक (Organic) प्रकृतिका प्रक्रिया वा घटना जसका कारणले ज्यानको नोक्सानी घाइते , विरामी वा स्वास्थ्य सम्बन्धी अन्य असरहरु, धनमालको क्षति, आजीविका र सेवाहरुको नोक्सानी, सामाजिक-आर्थिक गतिरोध वा वातावरणीय ह्रास निम्त्याउँछ । यसमा रोग उत्पादक सूक्ष्म जीव, विषालु पदार्थ वा जैविकरुपले सक्रिय पदार्थहरुसँगको सम्मुखतालगायत जैविक किटाणुद्वारा प्रवाहित हुने प्रक्रिया वा घटना पर्दछन् ।

Comment: Examples of biological hazards include outbreaks of epidemic diseases, plant or animal contagion, insect or other animal plagues and infestations

टिप्पणी: जैविक प्रकोपको उदाहरण महामारीका रोग-व्याधि, वनस्पति वा जनावरहरुमा लाग्ने सरुवा रोग, प्लेग, सलह आदि पर्दछन् ।

## Building Code- भवन निर्माण संहिता





A set of ordinances or regulations and associated standards intended to control aspects of the design, construction, materials, alteration and occupancy of structures that are necessary to ensure human safety and welfare, including resistance to collapse and damage.

मानवीय सुरक्षा तथा समाजिक भलाइ सुनिश्चित गर्ने प्रायोजनको खातीर भवनको डिजाइन, निर्माण पद्धति, निर्माण सामग्री, मर्मत र थपघट तथा उपयोग जस्ता भवनका विभिन्न पक्षहरुलाई नियमन गरी भवनको संरचनात्मक सुरक्षा र क्षति प्रतिरोधात्मक क्षमता सुनिश्चित गर्न राज्यद्वारा प्रतिपादित अध्यादेश वा विनियमहरु तथा सम्बद्ध मापदण्डहरु

Comment: Building codes can include both technical and functional standards. They should incorporate the lessons of international experience and should be tailored to national and local circumstances. A systematic regime of enforcement is a critical supporting requirement for effective implementation of building codes.

टिप्पणी: भवन निर्माण संहितामा प्राविधिक (Technical) तथा कार्य पद्धति सम्बन्धित (Functional) दुवै खालका मापदण्डहरु समाविष्ट हुन सक्छन् । ती दस्तावेजमा अन्तर्राष्ट्रिय अनुभवबाट प्राप्त ज्ञानलाई समाहित गरिनुका साथै तिनलाई राष्ट्रिय र स्थानीय परिस्थितिहरुसँग समेत राम्ररी मेल खानेगरी बनाइएको हुनपर्दछ । भवन निर्माण संहिताको प्रभावकारी कार्यान्वयनका लागि नियम कानुनको पालना गर्ने गराउने संस्कार र पद्धति अत्यावश्यक हुन्छ ।

## Capacity- क्षमता, सक्षमता




The combination of all the strengths, attributes and resources available within a community, society or organization that can be used to achieve agreed goals.

समुदाय, समाज वा संघ-संस्थामा अन्तर्निहित विभिन्न प्रकारका शक्ति, वा सबलताहरु, विशेषताहरुका साथै त्यस्ता उपलब्ध स्रोत-साधनहरु जसलाई सर्वस्वीकृत लक्ष्य प्राप्तिका लागि उपयोग गर्न सकिन्छ ।

Comment: Capacity may include infrastructure and physical means, institutions, societal coping abilities, as well as human knowledge, skills and collective attributes such as social relationships, leadership and management. Capacity also may be described as capability. Capacity assessment is a term for the process by which the capacity of a group is reviewed against desired goals, and the capacity gaps are identified for further action.

टिप्पणी: क्षमता भन्नाले पूर्वाधार तथा भौतिक साधनहरु, संस्थागत संरचनाहरु, प्रकोप सामना गर्न सक्ने सामाजिक दक्षताहरुकासाथै मानवीय ज्ञान, सीप तथा समूहगत विशेषताहरु जस्तै सामाजिक पारस्पारिकता, नेतृत्व एवं व्यवस्थापन कौशल आदि समेत पर्दछन् । क्षमता (Capacity) लाई योग्यता वा दक्षताको रुपमा पनि व्याख्या गर्न सकिन्छ । क्षमता लेखाजोखा (मूल्याकंन) (Capacity Assessment) यस्तो पद्धति जसबाट अपेक्षित लक्ष्यहरुको कसीमा राखेर समाज वा संस्थाका विद्यमान क्षमता/दक्षताको उपलब्धताका साथै कमी कमजोरी औंल्याई नपुग दक्षता परिपूर्णक लागि गर्नु पर्ने काम समेत पहिल्याइन्छ साथै भावी कार्ययोजनका लागि कमी कमजोरी समेत पहिचान गर्न सकिन्छ ।

## Capacity Development- क्षमता विकास




The process by which people, organizations and society systematically stimulate and develop their capacities over time to achieve social and economic goals, including through improvement of knowledge, skills, systems, and institutions.

त्यस्तो पद्धति जसले जनता संघसंस्थाहरु तथा समाजलाई समयको अन्तरालमा ज्ञान, सीप, प्रणाली तथा संगठन सुधारका माध्यमबाट सामाजिक एंव आर्थिक लक्ष्य प्राप्त गर्न व्यवस्थित ढंगले उत्प्रेरित गर्ने र तिनीहरुको क्षमताहरुको विकास गर्ने कार्यलाई सघाउँछ । यस अन्तर्गत विशेष गरी ज्ञान, सीप, प्रणाली तथा संगठन क्षमताको अभिबृद्धि मार्फत समूदाय, संस्था र समाजले सामाजिक तथा आर्थिक विकासका लक्ष्यहरु परिपूर्तिका लागि आवश्यक सामर्थ्य वृद्धि गर्नका लागि गरिने सतत् प्रयास र प्रकृयाहरु ।

Comment: Capacity development is a concept that extends the term of capacity building to encompass all aspects of creating and sustaining capacity growth over time. It involves learning and various types of training, but also continuous efforts to develop institutions, political awareness, financial resources, technology systems, and the wider social and cultural enabling environment.

टिप्पणी: क्षमता विकास एउटा यस्तो व्यापक अवधारणा हो जसले लामो समयमा गरिने क्षमता सृजना तथा अभिबृद्धिको दिगोपनाका सम्पूर्ण पक्षहरुलाई आत्मसात गर्ने गर्दछ। यसले समुचित सामाजिक एवं सांस्कृतिक वातावरण निर्माणका लागि गरिने निरन्तर पहललाई समेत समेट्दछ । यो पदावलीले एकातर्फ विभिन्न खालका तालिम र ज्ञान आर्जनको प्रकृयाहरुलाई बुझाउछ भने अर्को तर्फ सामाजिक एवं राजनैतिक चेतना अभिवृद्धि र सांगठनिक विकास भन्ने बुझाउँदछ ।

## Climate Change- जलवायू परिवर्तन



(a) The Inter-governmental Panel on Climate Change (IPCC) defines climate change as: “a change in the state of the climate that can be identified (e.g., by using statistical tests) by changes in the mean and/or the variability of its properties, and that persists for an extended period, typically decades or longer. Climate change may be due to natural internal processes or external forcings, or to persistent anthropogenic changes in the composition of the atmosphere or in land use”.

(b) The United Nations Framework Convention on Climate Change (UNFCCC) defines climate change as “a change of climate which is attributed directly or indirectly to human activity that alters the composition of the global atmosphere and which is in addition to natural climate variability observed over comparable time periods”.

क) जलवायु परिवर्तनका लागि अन्तरसरकारी समूह (IPCC) को परिभाषा: जलवायूको अवस्थामा दशकौं वा अझ्रैबढी अवधिसम्म अनवरत रुपमा हुने वा भैरहने परिवर्तन जसलाई तथ्यांक विश्लेषणको माध्यमबाट औसत मानमा हुने परिवर्तनको परिमाणद्वारा पहिचान गर्न सकिन्छ । जलवायू परिवर्तनको कारणहरुमा प्राकृतिक रुपमा हुने आन्तरिक प्रक्रिया वा बाह्य कारक तत्वहरु

(External Forcing), वा मानवजन्य क्रियाकलापले वायूमण्डलको बनोट तथा भू-उपयोगमा ल्याउने ठोस परिवर्तन लगायत पर्दछन् ।

ख) जलवायू परिवर्तन सम्बन्धी राष्ट्रसंघीय संरचना महासभा (UNFCCC) को परिभाषा: प्रत्यक्ष वा अप्रत्यक्षरुपमा मानव क्रियाकलापले गर्दा विशवव्यापी रुपमा वायूमण्डलको बनोटमा आउने जुन तुलनात्मक समयावधिहरुमा देखिने प्राकृतिक खाल्का बर्दलावहरु भन्दा भिन्न परिवर्तन वा अतिरिक्त खालका हुन्छन् ।

Comment: For disaster risk reduction purposes, either of these definitions may be suitable, depending on the particular context. The UNFCCC definition is the more restricted one as it excludes climate changes attributable to natural causes. The IPCC definition can be paraphrased for popular communications as “A change in the climate that persists for decades or longer, arising from either natural causes or human activity.”

टिप्पणी: विपद् जोखिम न्यूनिकरणको सन्दर्भमा अवस्था अनुसार उपरोक्त परिभाषाहरु मध्ये कुनै पनि उपयुक्त हुन सक्छ । UNFCCC को परिभाषा अलि बढी साँघुरो खालको छ किनकि यसले प्राकृतिक कारणहरुबाट हुने जलवायू परिवर्तनको पक्षलाई समेटेको छैन । IPCC को परिभाषालाई लोकप्रिय ढंगले संप्रेषण गर्ने ध्येयले यसरी पुनर्संयोजित गर्न सकिन्छ : “दशकौं वा अझ लामो समयावधिसम्म कायम जलवायू को अवस्थामा प्राकृतिक कारणहरु वा मानव क्रियाकलापले गर्दा आउने परिवर्तन”

मानवीय कृयाकलापको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव जुन कारणले गर्दा जलवायुमा त्यस्तो परिवर्तन जो तुलनात्मक समय अवधि भित्र सामान्य बदलाव भन्दा बढी तडकारो देखिन्छ ।

## Contingency Planning- आकस्मिक काल व्यवस्थापनका लागि योजना तर्जुमा




A management process that analyses specific potential events or emerging situations that might threaten society or the environment and establishes arrangements in advance to enable timely, effective and appropriate responses to such events and situations.


व्यवस्थापनको एक त्यस्तो प्रकृया जसले समाज वा वातावरणलाई क्षति पार्नसक्ने संभावित प्रकोप घटनाहरु वा परिस्थितिमा विद्यमान भएका परिवर्तनको विश्लेषण गर्दछ र त्यस्ता घटना वा परिस्थितिहरुलाई प्रभावकारी एवं सही ढंगले सामना गर्न सक्षम हुने गरी समयमै प्रबन्ध समेत मिलाउँछ ।

Comment: Contingency planning results in organized and coordinated courses of action with clearly identified institutional roles and resources, information processes, and operational arrangements for specific actors at times of need. Based on scenarios of possible emergency conditions or disaster events, it allows key actors to envision, anticipate and solve problems that can arise during crises. Contingency planning is an important part of overall

preparedness. Contingency plans need to be regularly updated and exercised.

टिप्पणी: आकस्मिक काल व्यवस्थापनका लागि योजनामा प्रत्येक सरोकारवालाको भूमिका, साधन-स्रोत, संचार पद्धतिहरु एवं विशिष्ठ अवस्थाको लागि विशिष्ठ कार्यसमूहको पूर्व प्रबन्ध जस्ता विषयहरुको स्पष्ट एवं उद्धेश्यमूलक बाँडफाँड गरिएको हुन्छ । यस्तो योजना संभावित आपतकालीन अवस्थाको पूर्वानुमान वा विपद्का घटनाको परिदृश्यका आधारमा तर्जुमा गरिन्छ । यस योजना प्रकृयाले जिम्मेवार कार्यसमूहलाई संकटको बेलामा उत्पन्न हुनसक्ने समस्याका बारेमा अनुमान गर्न, दृष्टिकोण बनाउन र समाधान गर्न सघाउँछ । आकस्मिककाल व्यवस्थाका योजना तर्जुमा आफैमा प्रकोप पूर्वको वृहत् पूर्वतयारी कार्यको एउटा महत्वपूर्ण अंश हो । यसलाई नियमितरुपमा अद्यावधिक गर्नु र अभ्यास समेत गर्नु आवश्यक हुन्छ । आकस्मिककाल व्यवस्थापन योजनामा प्रत्येक सरोकारवाला संस्था वा पदाधिकारी एवं श्रोत साधनहरुको स्पष्ट एवं उद्धेश्यपरक रुपमा कार्यहरु तथा अधिकारका वाडफाड ।

## Coping Capacity- प्रकोप सामना (भीडन्त) क्षमता



The ability of people, organizations and systems, using available skills and resources, to face and manage adverse conditions, emergencies or disasters.

उपलब्ध साधन, स्रोत, ज्ञान र सीपको समुचित उपयोग गरी कुनैपनि प्रतिकूल अवस्था वा आपतकाल वा विपद्को अवस्थामा परिस्थितिको सामना तथा व्यवस्थापन गर्न व्यक्ति, समुदाय एवं संघसंस्थाहरुमा अन्तर्निहित क्षमता ।

Comment: The capacity to cope requires continuing awareness, resources and good management, both in normal times as well as during crises or adverse conditions. Coping capacities contribute to the reduction of disaster risks.

टिप्पणी: प्रकोपको सामना सक्षमता सुनिश्चित गर्नु भनेको सामान्य अथवा विपद्को अवस्थामा समेत चेतना अभिबृद्धि तर्फको अनवरत प्रयाश, श्रोत साधनको पहिचान एवं कुशल व्यवस्थापन हो । समुदाय वा राज्यमा प्रकोप सामना सक्षमता सुव्यवस्थित हुनु भनेको विपद् जोखिम अल्पिकरणको दह्रो मेरुदण्ड हो ।

## Corrective Disaster risk Management*- सुधारात्मक विपद् जोखिम व्यवस्थापन




Management activities that address and seek to correct or reduce disaster risks which are already present.

समाज वा समुदायमा पहिलेदेखि नै विद्यमान विपद् जोखिमलाई सुधार गर्ने वा अल्पीकरण गर्ने दिशामा होस् सम्बोधन वा प्रयत्न गर्ने खालका व्यवस्थापकीय क्रियाकलापहरु ।

Comment: This concept aims to distinguish between the risks that are already present, and which need to be managed and reduced now, and the prospective risks that may develop in future if risk reduction policies are not put in place. See also prospective risk management.

टिप्पणी: यो अवधारणाले विद्यमान जोखिमहरु तथा विपद् जोखिमको अवधारणालाई प्रष्ट पर्दछ । पहिलो त्यस्ता जोखिमहरु जो अहिले विद्यमान छन औ जसलाई अल्पीकरण गरी व्यवस्थापन गर्नुपर्दछ । दोस्रो, त्यस्ता सम्भाव्य जोखिमहरु जो हाल विद्यमान छैनन् तर जोखिम अल्पीकरण सम्बन्धी प्रभावकारी नीति नियम कानुनको अभ्यास नगरेको खण्डमा निकट भविष्यमा भयावह स्थिति सृजना हुने लगभग तय छ ।

## Critical Facilities- नाजुक अवस्थाका लागि सुविधाहरु (अत्यावश्यक सुविधाहरु)




The primary physical structures, technical facilities and systems which are socially, economically or operationally essential to the functioning of a society or community, both in routine circumstances and in the extreme circumstances of an emergency.


प्राथमिक स्तरका त्यस्ता भौतिक संरचनाहरु, प्राविधिक सुविधाहरु तथा पद्धति वा व्यवस्थाहरु जुन समाज वा समुदायलाई नियमित अवस्थामा अथवा अत्यन्त आपतकालीन अवस्थामा समेत सुचारु राख्न सामाजिक, आर्थिक वा कार्य-सञ्चालनका दृष्टिले अत्यावश्यक हुन्छन् ।

Comment: Critical facilities are elements of the infrastructure that support essential services in a society. They include such things as

transport systems, air and sea ports, electricity, water and communications systems, hospitals and health clinics, and centres for fire, police and public administration services.

टिप्पणी: अत्यावश्यक सुविधाहरु भनेका समाजका आवश्यक सेवाहरु सुचारु राख्न सघाउने पूर्वाधारका अन्तरवस्तुहरु हुन् । तिनीहरुमा सडक यातायात प्रणाली, विमानस्थल तथा बन्दरगाहहरु, विद्युत आपूर्ति, खानेपानी, संचार सुविधाहरु, अस्पताल तथा स्वास्थ्य चौकीहरु, बारुणयन्त्र, प्रहरी तथा जन प्रशासन लगायतका सेवाहरु पर्दछन् ।

## Disaster- विपद्



A serious disruption of the functioning of a community or a society involving widespread human, material, economic or environmental losses and impacts, which exceeds the ability of the affected community or society to cope using its own resources.

प्रभावित समाज वा समुदायले आफनै बलबुता र श्रोत साधनको प्रयोग गरी सामना गर्न नसक्नेस्तरको त्यस्तो गम्भीर प्रकोप जन्य घटना औ तद्जन्य मानवीय, भौतिक, आर्थिक र वातावरणीय क्षति जस्ले गर्दा सामान्य सामाजिक प्रकृया अवरुद्ध हुनेछ ।

Comment: Disasters are often described as a result of the combination of: the exposure to a hazard; the conditions of vulnerability that are present; and insufficient capacity or measures

to reduce or cope with the potential negative consequences. Disaster impacts may include loss of life, injury, disease and other negative effects on human physical, mental and social well-being, together with damage to property, destruction of assets, loss of services, social and economic disruption and environmental degradation.

**टिप्पणी:** विपद्लाई निम्न तीन अवस्थाहरुको सम्मिलित परिणामको रुपमा बभिmन्छः

क) प्रकोप सम्मुखता

ख) विद्यमान संकटासन्नता

ग) जोखिमका संभाव्य नकारात्मक परिणामहरुलाई न्यूनिकरण वा सामना गर्नका लागि आवश्यक क्षमता वा विधिहरुको अपर्याप्तता

विपद्का परिणामहरुमा मानव जीवनको नोक्सानी, घाइते अवस्था, रोगहरु र मान्छेको शारीरिक, मानसिक तथा सामाजिक अवस्थामा नकारात्मक प्रभाव, धनमालको क्षति, पूँजीगत विध्वंश, सेवाहरुको नोक्सानी, सामाजिक तथा आर्थिक गतिरोध एवं वातावरणीय ह्रास पर्दछन् ।

## Disaster Risk- विपद् जोखिम



The potential disaster losses, in lives, health status, livelihoods, assets and services, which could occur to a particular community or a society over some specified future time period.

मानव जीवन, स्वास्थ्य अवस्था, आजीविका, धनसम्पत्ति तथा प्राप्त सेवाहरुमा विपद्बाट हुन सक्ने संभावित नोक्सानी जुन खास समुदाय अथवा समाजको कुनै भावी कालखण्डमा घटित हुन सक्छ ।

Comment: The definition of disaster risk reflects the concept of disasters as the outcome of continuously present conditions of risk. Disaster risk comprises different types of potential losses which are often difficult to quantify. Nevertheless, with knowledge of the prevailing hazards and the patterns of population and socio-economic development, disaster risks can be assessed and mapped, in broad terms at least.

**टिप्पणी:** विपद् जोखिमको परिभाषाले विपद्को अवधारणालाई वर्तमानमा निरन्तर जारी रहेका जोखिम अवस्थाहरुको परिणामको रुपमा झल्काउँछ । विपद् जोखिम भित्र धेरै खालका संभावित नोक्सानी पर्दछन् जसलाई प्रायः परिमाणमा व्याख्या गर्न गाह्रो पर्ने हुन्छ । तथापि विद्यमान प्रकोपहरुको ज्ञान र जनसंख्या तथा सामाजिक -आर्थिक विकासको ढाँचाका मद्दतले कमसेकम मोटामोटीरुमा विपद् जोखिमको लेखाजोखा तथा नक्शांकन गर्न सकिन्छ ।

## Disaster Risk Management- विपद् जोखिम व्यवस्थापन



The systematic process of using administrative directives, organizations, and operational skills and capacities to implement strategies, policies and improved coping capacities in order to lessen the adverse impacts of hazards and the possibility of disaster.

प्रकोपका प्रतिकूल असरहरु एवं विपद्को संभावनालाई कम गर्ने ध्येयका साथ तयार पारिएका रणनीति, नीति तथा सामना क्षमता अभिबृद्धिका कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि उत्प्रेरणा गर्ने प्रशासनिक निर्देशक सिद्धान्तहरु, सांगठनिक संरचना एवं व्यवहारिक सीप तथा क्षमताहरुको उपयोग गर्ने व्यवस्थित पद्धति ।

Comment: This term is an extension of the more general term “risk management” to address the specific issue of disaster risks. Disaster risk management aims to avoid, lessen or transfer the adverse effects of hazards through activities and measures for prevention, mitigation and preparedness.

**टिप्पणी:** यो पदावली “जोखिम व्यवस्थापन” भन्ने अलि बढी सामान्य पदावलीको विस्तार हो र यसले विपद् जोखिमको विशेष सवाललाई सम्बोधन गर्दछ । विपद् जोखिम व्यवस्थापनले प्रकोपका प्रतिकूल असरहरुलाई विभिन्न क्रियाकलापहरु तथा उपायहरु जस्तै रोकथाम, अल्पीकरण एवं पूर्वतयारी मार्फत छल्ने, कम पार्ने वा स्थानान्तरण गर्ने सोच बनाउँछ ।

## Disaster Risk Reduction- विपद् जोखिम न्यूनिकरण



The concept and practice of reducing disaster risks through systematic efforts to analyse and manage the causal factors of disasters, including through reduced exposure to hazards, lessened vulnerability of people and property, wise management of land and the environment, and improved preparedness for adverse events.

व्यवस्थित प्रयासहरुमार्फत विपद् जोखिमलाई अल्पिकरण गर्ने अवधारणा, अभ्यास र प्रकृया ।

विपद् जोखिम न्यूनिकरण तर्फको एक सर्वागीण एवं विस्तृत प्रयत्न संयुक्त राष्ट्र संघद्धारा सन २००५ मा प्रतिपादित एवं विश्वका १६८ राष्ट्रद्धारा अनुमोदित ह्योगो कार्य संरच (HFA 2005-2015) मा सुनिश्चत गरिएको छ । ह्योगो कार्य संरचना अपेक्षित परिणामको रुपमा विपद्बाट हुन सक्ने धनजनको क्षति एव समूदाय र मुलुक कै सामाजिक, आर्थिक तथा वातावरणीय, धनजनमा हुन सक्ने संभावित नोक्सानीको स्तरमा उल्लेख्य न्यूनिकरण गर्ने भनि सर्वस्वीकृत भएको छ । यस संरचनाको कार्यान्वयनमा हस्ताक्षरकारी सरकारहरु, ती मुलुकका कार्यकारी संस्था एवं समाज व्यक्तिहरुलाई सहयोग पुऱ्याउने माध्यमको रुपमा कार्य गर्ने जिम्मा संयुक्त राष्ट्र संघको International Strategy for Disastr Reduction (ISDR) (विपद् न्यूनिकरणका लागि अन्ताराष्ट्रिय रणनीति) को प्रणाली तत्पर छ ।

Comment: A comprehensive approach to reduce disaster risks is set out in the United Nations-endorsed Hyogo Framework for Action, adopted in 2005, whose expected outcome is “The substantial reduction of disaster losses, in lives and the social, economic and environmental assets of communities and countries.” The International Strategy for Disaster Reduction (ISDR) system provides a vehicle for cooperation among Governments, organisations and civil society actors to assist in the implementation of the Framework. Note that while the term “disaster reduction” is sometimes used, the term “disaster risk reduction” provides a better recognition of the ongoing nature of disaster risks and the ongoing potential to reduce these risks.

टिप्पणी: अपेक्षित परिणामका रुपमा “विपद् बाट हुन सक्ने जनधनको क्षति तथा समुदाय एवं मुलुकको सामाजिक, आर्थिक र वातावरणीय पूँजीमा हुन सक्ने सामाजिक नोक्सानीको स्तरमा उल्लेख्य कमी ल्याउने भन्ने रहेको छ । राष्ट्रसंघीय निकायको रुपमा गठित विपद् न्यूनिकरणका लागि अन्तर्राष्ट्रिय रणनीति International Strategy for Disastr Reduction (ISDR) संयन्त्रले उक्त

कार्य-संरचना काय आवश्यक माध्यमको काम गर्दछ । कार्यान्वयन गर्नका लागि सरकारी, गैरसरकारी तथा नागरिक समुदायका संस्था वा प्रतिनिधिहरुको वीचमा सहयोग अभिवृद्धिको लागि थप ध्यान के मा दिनु पर्दछ भने “विपद् न्यूनिकरण” भन्ने शब्दावली पनि प्रचलनमा पाइन्छ । तर “विपद् जोखिम न्यूनिकरण” भन्ने शब्दावलीले हाल प्रचलित विपद् जोखिमको स्वभाव र त्यस्ता जोखिमलाई न्यून पार्नका लागि चालु अवस्थाको क्षमता जस्ता विषयलाई अझ राम्रोसँग पहिचान गराउँछ ।

## Disaster Risk Reduction Plan*- विपद् जोखिम न्यूनिकरण योजना



A document prepared by an authority, sector, organization or enterprise that sets out goals and specific objectives for reducing disaster risks together with related actions to accomplish these objectives.

सरकारी निकाय, सम्बन्धित क्षेत्र, संघसंस्था वा उद्योग-प्रतिष्ठानद्वारा तयार पारिने त्यस्तो दस्तावेज जसमा पहिचान गरिएको विपद् जोखिमहरुको न्यूनीकरणका लागि निर्दिष्ट लक्ष्यहरु र उद्देश्यहरुको साथसाथै ती उद्देश्य प्राप्तिका लागि पहिचान गरिएका कार्यगत प्रयासहरु समावेश हुन्छन् ।

Comment: Disaster risk reduction plans should be guided by the Hyogo Framework and considered and coordinated within relevant development plans, resource allocations and programme activities. National level plans needs to be specific to each level of administrative responsibility and adapted to the different social and geographical circumstances that are present. The time frame and

responsibilities for implementation and the sources of funding should be specified in the plan. Linkages to climate change adaptation plans should be made where possible.

टिप्पणी: विपद् जोखिम न्यूनिकरण योजना ह्योगो कार्य-संरचनाबाट निर्देशित हुनपर्दछ । साथै यो योजना मुलुकमा तर्जुमा भएका विकास योजना, श्रोत बाँडफाँड तथा योजनावद्ध कार्यक्रमहरुभित्र समाहित र संयोजित हुनुपर्दछ । राष्ट्रियस्तरको विपद जोखिम न्यूनिकरण योजना हरेक तहका प्रशासनिकरुपले जिम्मेवार निकायप्रति निर्दिष्ट हुन जरुरी हुन्छ एवं विद्यमान सामाजिक तथा भौगोलिक परिवेशलाई आत्मसात गरेको हुनुपर्दछ । समयावधि, कार्यान्वयन र कोषको श्रोतको जिम्मेवारीलाई योजनामा राम्रोसँग व्याख्या गरी तोकिएको हुनुपर्छ । संभव भएसम्म जलवायू परिवर्तनका अनुकूलन योजनाहरुसँग पनि समन्वय गरिनुपर्दछ ।

## Early Warning System- पूर्वचेतावनी प्रणाली



The set of capacities needed to generate and disseminate timely and meaningful warning information to enable individuals, communities and organizations threatened by a hazard to prepare and to act appropriately and in sufficient time to reduce the possibility of harm or loss.


प्रकोपको घटना अगावै तत्सम्बन्धि आवश्यक र भरपर्दो सूचना उत्पादन तथा व्यापक रुपमा प्रवाह गरी जोखिम क्षेत्रमा अवस्थित व्यक्ति, समूह तथा संस्थाहरुलाई पूर्व तयारी र प्रति-तत्परताकोको स्थितिमा रहन तथा संभावित धनजनको क्षति औ नोक्सानीका लागि प्रकोपको घटना अगावै आवश्यक कार्य बेलैमा गर्न सघाउन सक्ने सुदृढ प्रणाली एवं दक्षता ।

Comment: This definition encompasses the range of factors necessary to achieve effective responses to warnings. A people-centred early warning system necessarily comprises four key elements: knowledge of the risks; monitoring, analysis and forecasting of the hazards; communication or dissemination of alerts and warnings; and local capabilities to respond to the warnings received. The expression “end-to end warning system” is also used

to emphasize that warning systems need to span all steps from hazard detection through to community response.

टिप्पणी: यो परिभाषाले पूर्व चेतावनी प्राप्त गरे पश्चाद प्रभावकारी प्रतिकार्यका लागि आवश्यक सम्पूर्ण दक्षताहरुलाई समेत समेटदछ । जनतामा केन्द्रित पूर्वचेतावनी प्रणाली अन्तर्गत अनिवार्य रुपमा चारवटा महत्वपूर्ण अगहरु समेटिएका हुनु पर्दछ । जोखिमको ज्ञान, प्रकोपको अनुगमन, विश्लेषण तथा पूर्वानुमान, चेतावनी तथा सतर्कताको सूचना संचार वा संप्रेषण, एवं प्राप्त चेतावनीको उचित जवाफ दिन सक्षम स्थानीय क्षमता । अंग्रेजी भाषामा end-to end warning system पनि प्रयोग गरिन्छ । यसको अर्थ प्रकोप देखि प्रतिकार्यसम्मको सवै कार्यलाई आरम्भदेखि अन्त्यसम्म केही कार्य र केही व्यक्ति नछुटोस भन्ने हेतुले व्यवस्थित गरिएका सर्वव्यापी र सर्व सुलभ पूर्व चेतना प्रणालीलाई आवश्यक जोड दिन्छ । यो अवधारणा अनुसार चेतावनी प्रणालीभित्र प्रकोप पहिचानदेखि समुदायको प्रतिकार्यसम्मका कदमहरु समेटिनुपर्ने आवश्यकता माथि जोड दिइन्छ ।

## Ecosystem Services- जीव परिवृति पद्धति




The benefits that people and communities obtain from ecosystems.

जीवहरुबीचको अन्तरसम्बन्धबाट मनुष्य जाति र समुदायहरुले पाउने लाभ ।

Comment: This definition is drawn from the Millennium Ecosystem Assessment. The benefits that ecosystems can provide include "regulating services" such as regulation of floods, drought, land degradation and disease, along with "provisioning services" such as food and water, "supporting services" such as soil formation and nutrient cycling, and "cultural services" such as recreational, spiritual, religious and other non-material benefits. Integrated management of land, water and living resources that promotes conservation and sustainable use provide the basis for maintaining ecosystem services, including those that contribute to reduced disaster risks.

**टिप्पणी:** यो परिभाषा सहस्राव्दी जीवपरिवृति पद्धति मूल्याकंन (Millennium Ecosystem Assessment) बाट साभार गरिएको हो । जीवहरुको अन्तरसम्बन्धले प्रदान गर्न सक्ने लाभहरुमा "नियमन सेवाहरु (Regulatory Services)" जस्तैः बाढी, सुख्खा, भूमिको गुणात्मक ह्रास तथा रोगहरुको नियमन; "प्रबन्धगत सेवाहरु (Provisioning Services)" जस्तैः खाद्यान्न र पानी; "सहायक सेवाहरु (Supporting Services)" जस्तैः माटोको रचना र खाद्य चक्र; एवं "सांस्कृतिक सेवाहरु (Cultural Services)", मनोरञ्जनात्मक, आध्यात्मिक, धार्मिक तथा अन्य अभौतिक लाभहरु पर्दछन् । जमिन, जल र जीवित साधन-श्रोतको एकीकृत व्यवस्थापनले संरक्षण र दिगो उपयोगलाई प्रवर्द्धन गर्दछ र जीवहरुबीचको अन्तरसम्बन्धका सेवाहरु बहाल राख्दै विपद् जोखिम न्यूनिकरणमा सघाउ पुर्‍याउँछन् ।

## El Niño-Southern Oscillation phenomenon (ENSO)- एल निनो-दक्षिणी समुद्री स्वभाव




A complex interaction of the tropical Pacific Ocean and the global atmosphere that results in irregularly occurring episodes of changed ocean and weather patterns in many parts of the world, often with significant impacts over many months, such as altered marine habitats, rainfall changes, floods, droughts, and changes in storm patterns.


उष्ण प्रदेशीय प्रशान्त महासागर र पृथ्वीको वायूमण्डलका वीचमा हुने पेचिलो अन्तरक्रिया जसका कारण संसारका विभिन्न भागमा सामुद्रिक तथा मौसमी स्वभावमा अस्वाभाविक ढंगको परिवर्तन भई कहिले काही महिनौसम्म वर्षामा अनियमितता, बाढी, सुख्खा, हुरी लगायतको स्वभावमा समेत गम्भीर असर पार्नुका साथै सामुन्दिक जीव प्रणालीका समेत असमान्य परिवर्तन ल्याउदँछ ।

Comment: The El Niño part of the El Niño-Southern Oscillation (ENSO) phenomenon refers to the well above- average ocean temperatures that occur along the coasts of Ecuador, Peru and northern Chile and across the eastern equatorial Pacific Ocean, while La Niña part refers to the opposite circumstances when well-below-

average ocean temperatures occur. The Southern Oscillation refers to the accompanying changes in the global air pressure patterns that are associated with the changed weather patterns experienced in different parts of the world.

टिप्पणी: EL Nino Southern Oscillation (ENSO) को एक खण्ड एल निनो हो । एल निना भन्ने पदावलीले इक्वेडोर, पेरु उत्तरी चिली तथा पूर्वी भूमध्यरेखीय प्रसान्त महासागरको क्षेत्रमा समुद्री पानीको तापक्रम सामान्य औसत भन्दा अति उच्च हुने अवस्थालाई जनाउँछ। ENSO को अर्को खण्ड "ला निना (La Niña)" हो । ला-निन्याले अल-निन्यो को ठीक वीपरित अवस्था अर्थात ती प्रदेश मै समुन्द्री पानीको तापक्रम औसत भन्दा । दक्षिणी हलचल (Southern Oscillation) भन्नाले विश्वका विभिन्न खण्डमा मौसमी अन्तरले गर्दा विश्वव्यापीरुपमै हावाको चापमा आउने अप्रत्याशित परिवर्तनलाई बुझाउँछ ।

## Emergency Management- आपत्कालीन व्यवस्थापन



The organization and management of resources and responsibilities for addressing all aspects of emergencies, in particular preparedness, response and initial recovery steps.


आपत्कालीन अवस्थाका सम्पूर्ण पक्षलाई सम्बोधन गर्नका लागि खासगरी पूर्वतयारी, प्रतिकार्य तथा प्रारम्भिक पुनर्लाभका लागि साधन श्रोत तथा जिम्मेवारीहरुको संयोजन तथा व्यवस्थापनका सम्पूर्ण कार्यहरु ।

Comment: A crisis or emergency is a threatening condition that requires urgent action. Effective emergency action can avoid the escalation of an event into a disaster. Emergency management involves plans and institutional arrangements to engage and guide the efforts of government, non-government, voluntary and private agencies in comprehensive and coordinated ways to respond to the entire spectrum of emergency needs. The expression “disaster management” is sometimes used instead of emergency management.

टिप्पणी: विपद्जन्य आपत्काल वा संकट भन्नाले त्यस्तो त्रासपूर्ण अवस्थालाई जनाउछ जसमा जनधनको रक्षाको लागि तत्काल कदम चालिनु पर्छ । सुव्यवस्थित आपतकालनी कदमबाट प्राकृतिक प्रकोपको घटनालाई विपदको घटनामा परिणत हुनबाट रोक्दछ । आपत्कालीन व्यवस्थापन अन्तर्गत त्यस्तो पूर्व नियोजित कार्य योजना र संस्थागत तारतम्य पर्दछन्

जसबाट विद्यमान संस्थागत दक्षताको परिचालन एवं सरकारी, गैर सरकारी, स्वयंसेवी तथा नीजि क्षेत्रका संस्थाहरु दक्षता र प्रयासहरुलाई आपत्काल जन्य अवस्थालाई कुशलतापूर्वक बेहोर्नका लागि आवश्यक संयोजन र समन्वयका लागि आवश्यक निर्देशन दिन सकिन्छ ।

## Emergency Services- आपत्कालीन सेवाहरु





The set of specialized agencies that have specific responsibilities and objectives in serving and protecting people and property in emergency situations.

आपतकालीन अवस्थामा जनधनको सुरक्षा गर्ने तथा सेवा प्रदान गर्ने प्रयोजनका लागि तोकिएको जिम्मेवारी तथा उद्देश्यहरु सहितका विशिष्ठ संस्थाहरुको समूह ।

Comment: Emergency services include agencies such as civil protection authorities, police, fire, ambulance, paramedic and emergency medicine services, Red Cross and Red Crescent societies, and specialized emergency units of electricity, transportation, communications and other related services organizations.

**टिप्पणी:** आपत् कालीनसेवाहरु अर्न्तगत विभिन्न संस्थाहरु जस्तैः नागरिक प्रशासन र नागरिक सुरक्षा प्रदान गर्ने निकायहरु, प्रहरी, अग्नी नियन्त्रण सेवा, एम्बुलेन्स, प्राथमिक तथा आपत्कालीन उपचार सेवाहरु, रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरु, तथा विशिष्टकृत सेवा प्रदायक संस्थाहरु जस्तै विद्युत, यातायात, संचार वा अन्य सेवाहरु आदि पर्दछन् ।

## Environmental Degradation- वातावरणीय अपकर्षण



The reduction of the capacity of the environment to meet social and ecological objectives and needs.

सामाजिक एवं पर्यावरणीय उद्देश्यहरु र आवश्यक्ताहरु परिपूर्ति गर्नसक्ने वातावरणीय क्षमतामा कमी ।

Comment: Degradation of the environment can alter the frequency and intensity of natural hazards and increase the vulnerability of communities. The types of human-induced degradation are varied and include land misuse, soil erosion and loss, desertification, wildland fires, loss of biodiversity, deforestation, mangrove destruction, land, water and air pollution, climate change, sea level rise and ozone depletion.

टिप्पणी: वातावरणीय अपकर्षणले गर्दा प्राकृतिक प्रकोपको आवृत्ति तथा तीव्रतामा थप बल प्रदान गर्न सक्छ र समुदायको संकटासन्नतामा वृद्धि गर्न सक्छ । वातावरणीय अपकर्षणका मानव सृजित कारणमा जमिनको दुरुपयोग, भूक्षय र भू-स्खलन, मरुभूमिकरण, जंगलमा आगलागी, जैविक विविधताको नोक्सानी, वनस्पतीय झाडीको (mangrove) क्षति, जल-थल तथा वायूमा प्रदुषण, जलवायू परिर्वतन, समूद्री पानीको सतहमा बृद्धि ओजोनतह पातलिने लगायत पर्दछन् ।

## Environmental Impact Assessment- वातावरणीय प्रभाव मूल्यांकन



Process by which the environmental consequences of a proposed project or programme are evaluated, undertaken as an integral part of planning and decision making processes with a view to limiting or reducing the adverse impacts of the project or programme.


वातावरणीय संघात मूल्याकंनले विकास आयोजना जन्य सम्भावित प्रतिकुल असरहरुको लेखाजोखा एवं मूल्याकंन गरी सम्भावित प्रतिकुल असरहरु परिणामका बारेमा मूल्यांकन गर्ने पद्धति जसलाई परियोजना वा कार्यक्रमबाट उत्पन्न हुन सक्ने प्रतिकूल असरहरु पर्न नदिने वा प्रभाव न्यूनिकरण गर्ने उद्धेश्य तथा अबलम्बन गर्नु पर्ने कार्यहरु योजनाको तर्जुमा एवं तत्सम्बन्धि निर्णय प्रकृयामा नै अभिन्न अंगको रुपमा आत्मसात् गरेको हुन्छ ।

Comment: Environmental impact assessment is a policy tool that provides evidence and analysis of environmental impacts of activities from conception to decision-making. It is utilized extensively in national programming and project approval processes and for international development assistance projects. Environmental impact assessments should include detailed risk assessments and

provide alternatives, solutions or options to deal with identified problems.

टिप्पणी: वातावरणीय असर मल्याकंन भनेको एउटा नीति निर्णय कार्यान्वयन गर्न सघाउ गर्ने पद्धति हो । यसले विकास आयोजनाको अवधारणा बनौटको अवस्था देखि निर्णय -प्रक्रिया सम्म आयोजनाको प्रभावबाट हुने वातावरणीय असरसम्बन्धी तथ्य एवं विश्लेषण प्रस्तुत गर्दछ । यसलाई राष्ट्रिय कार्यक्रम तय गर्ने र परियोजना स्वीकृत गर्ने प्रक्रिया देखि अन्तर्राष्ट्रिय विकास सहयोग अन्तर्गतका आयोजनाहरुमा समेत व्यापक रुपमा उपयोग गरिन्छ । यस्तो मूल्याकंनले सम्भावित जोखिमको विस्तृत लेखाजोखा समेट्छ र पहिचान गरिएका समस्याका लागि समाधानहरु तथा विकल्पहरु प्रस्तुत गर्दछ ।

## Exposure- सम्मुखता



People, property, systems, or other elements present in hazard zones that are thereby subject to potential losses.

प्रकोप क्षेत्रमा अवस्थित मानिस, धनमाल, संयन्त्र वा अन्य तत्वहरु प्रकोपको प्रभाव र संभावित क्षति बेहोर्नुपर्ने अवस्थामा रहेका छन् ।

Comment: Measures of exposure can include the number of people or types of assets in an area. These can be combined with the specific vulnerability of the exposed elements to any particular hazard to estimate the quantitative risks associated with that hazard in the area of interest.

टिप्पणी: सम्मुखता कति छ भन्ने मापी (परिमाण) उक्त क्षेत्रको जनसंख्को आकार तथा धनमाल र निर्मित संरचनाक प्रकार एवं मात्रामा निर्भर रहन्छ । जस्तै कुनै इलाकामा रहेका जनसंख्या एवं अन्य तत्व (श्रोत, संसाधन, भौतिक सरचना आदि) को सम्मुताको विश्लेषण गर्न प्रत्येक तत्व विशेषको प्रत्येक प्रकोप विशेष प्रतिको संकटासन्नतालको स्तरलाई समेत विचार गरेमा मात्र प्रकोप जोखिम को सम्पूर्ण मूलाकंन गर्न सकिन्छ ।

## Extensive risk*- विस्तीर्ण वा व्यापक जोखिम




The widespread risk associated with the exposure of dispersed populations to repeated or persistent hazard conditions of low or moderate intensity, often of a highly localized nature, which can lead to debilitating cumulative disaster impacts.

भौतिक, जैविक, र सौन्दर्य ओज मार्फत हाम्रो वातावरणले दिदै आएको मानवीय, सामाजिक एवं पारिस्थितिक उद्धेश औ अन्य आवश्यकता परिपूर्ति क्षमतामा आउन सक्ने वा आएको ह्रस् ।

Comment: Extensive risk is mainly a characteristic of rural areas and urban margins where communities are exposed to, and vulnerable to, recurring localised floods, landslides storms or drought. Extensive risk is often associated with poverty, urbanization and environmental degradation. See also “Intensive risk”.

टिप्पणी: विस्तिर्ण जोखिम खासगरी ग्रामीण इलाका वा शहरी क्षेत्रमा देखा पर्दछ । यस्ता इलाकाहरुमा क्रमश सघन संकटासन्नताको अवथामा स्थानीय स्तरका पटक पटक दोहोरिरहने बाढी, पहिरो, हुरी वा सुख्खा आदिको सामना गरी रहनु पन हुन्छ । विस्तृत जोखिम अधिकांशरुपमा गरिबी, शहरीकरण तथा वातावरणीय ह्राससँग सम्बद्ध हुन्छ । तीव्र जोखिम (Intensive risk) पनि हेर्नुहोस् ।

## Forecast- पूर्वानुमान




Definite statement or statistical estimate of the likely occurrence of a future event or conditions for a specific area.

निकट भविष्यमा कुनै निश्चित इलाकामा प्राकृतिक प्रकोपको घटना घटन सक्छ वा त्यस्ता घटना हुन सक्ने अवस्था छ भनि व्यक्त गरिएको अनुमानित कथन वा तथ्यांकमा आधारित अनुमान ।

Comment: In meteorology a forecast refers to a future condition, whereas a warning refers to a potentially dangerous future condition.

टिप्पणी: मौसम विज्ञानशास्त्रमा पूर्वानुमान भन्नाले भावी अवस्थालाई इंगित गर्दछ । जबकि चेतावनीले मौसमजन्य संभावित संकटको अवस्थालाई इंगित गर्दछ ।

## Geological Hazard- भौगर्भिक प्रकोप




Geological process or phenomenon that may cause loss of life, injury or other health impacts, property damage, loss of livelihoods and services, social and economic disruption, or environmental damage.

त्यस्ता भौगर्भिक प्रक्रिया वा घटनाहरु जसका कारणले जनधनको नोक्सानी, आजीविका तथा सेवाहरुमा हानी, सामाजिक एवं आर्थिक क्षेत्रमा गतिरोधका साथसाथै वातावरणीय क्षति जस्ता परिणामहरु निस्कन्छन् ।

Comment: Geological hazards include internal earth processes, such as earthquakes, volcanic activity and emissions, and related geophysical processes such as mass movements, landslides, rockslides, surface collapses, and debris or mud flows. Hydrometeorological factors are important contributors to some of these processes. Tsunamis are difficult to categorize; although they are triggered by undersea earthquakes and other geological events, they are essentially an oceanic process that is manifested as a coastal water-related hazard.

टिप्पणी: भौगर्भिक प्रकोपको परिभाषा भित्र पृथ्वीको गर्भमा हुने आन्तरिक प्रकृया (जस्तैः भूकम्प, ज्वालामुखि र ज्वालामुखि विष्फोटन) का साथै यी आन्तरीक प्रकृयासग सम्बन्धित अन्य भू-भौतिक प्रकृया जस्तै भूस्खलन, पहिरो, भूक्षय, बाढी आदि पनि समेटिन्छन । यस्ता कतिपय प्रक्रियाहरुमा जल तथा मौसमविज्ञान सम्बद्ध कारक-तत्वहरुको महत्वपूर्ण भूमिका रहन्छ । चुनामीलाई वर्गीकरण गर्न कठिन छ, समुद्रमुनिको सतहमा आउने भूकम्प र अन्य भौगर्भिक घटनाहरुद्धारा अनुप्राणित भएता पनि चुनामी वस्तुतः एक सामुन्दी प्रकृया हो । जो तटीय क्षेत्रमा जल सम्बन्धि प्रकोपको रुपा देखा पर्दछ ।

## Greenhouse gases- हरितगृह ग्याँसहरु




Gaseous constituents of the atmosphere, both natural and anthropogenic, that absorb and emit radiation of thermal infrared radiation emitted by the Earth's surface, the atmosphere itself, and by clouds.

पृथ्वीको वायूमण्डलमा रहेका ती प्राकृतिक तथा मानव निर्मित ग्याँसहरु जसले पृथ्वीको सतह, स्वयं वायूमण्डल वा बादलद्वारा उत्सर्जित तापीय अवरक्त विकिरणलाई सोस्ने र विकिरण उत्सर्जन समेत गर्दछन् ।

Comment: This is the definition of the Intergovernmental Panel on Climate Change (IPCC). The main greenhouse gases (GHG) are water vapour, carbon dioxide, nitrous oxide, methane and ozone.

टिप्पणी: उपरोक्त परिभाषा जलवायू परिवर्तका लागि अन्तरसरकारी समूह (IPCC) द्वारा तय भएको हो । प्रमुख हरितगृह ग्याँसहरुमा पानीको बाफ, कार्वन डाइअक्साइड, नाइट्रस अक्साइड, मिथेन र ओजोन पर्दछन् ।

## Hazard- प्रकोप



A dangerous phenomenon, substance, human activity or condition that may cause loss of life, injury or other health impacts, property damage, loss of livelihoods and services, social and economic disruption, or environmental damage.


त्यस्ता डरलाग्दा परिघटना, वस्तु, मानवीय क्रियाकलाप, वा परिस्थिति जसका कारणले ज्यानको नोक्सानी, घाइते हुने सम्भावना वा अन्य स्वास्थ्य सम्बन्धी असरहरु, धनमालको क्षति, आजीविका तथा सेवाहरुको नोक्सानी, सामाजिक तथा आर्थिक गतिरोध, वा वातावरणीय ह्रास समेत निम्त्याउँछ ।

Comment: The hazards of concern to disaster risk reduction as stated in footnote 3 of the Hyogo Framework are "… hazards of natural origin and related environmental and technological hazards and risks." Such hazards arise from a variety of geological, meteorological, hydrological, oceanic, biological, and technological sources, sometimes acting in combination. In technical settings, hazards are described quantitatively by the likely frequency of occurrence of different intensities for different areas, as determined from historical data or scientific analysis. *See other hazard-related terms in the Terminology: Biological hazard; Geological hazard; Hydrometeorological hazard; Natural hazard; Socionatural hazard; Technological hazard.*

टिप्पणी: विपद् जोखिम न्यूनिकरणको क्षेत्रमा काम गर्दा "प्रकोप" भन्नाले "प्राकृतिक प्रकोप" तथा तद्जन्य वातावरणीय प्रकोप एवं प्रविधिगत प्रकोप जोखिम समेत बुझ्नु पर्दछ भनी ह्योगो कार्य-संरचनाको पाददटिप्पणी ३ मा बताइको छ । यसखालका प्रकोपहरु विभिन्न भौगर्भिक, मौसम तथा जल-विज्ञान सम्बद्ध, सामुद्रिक, जैविकि एवं प्रविधिगत श्रोत बाट निसृत हुन्छन् र कहिलेकाहिँ संयुक्तरुपमा समेत सक्रिय हुन्छन् । प्राविधिक विश्लेषणको क्रममा प्रकोपलाई ऐतिहासिक तथ्याकं र वैज्ञानिक समीक्षा मार्फत इलाका विशेषमा कुन अन्तरालमा कस्तो तीव्रता युक्त, कति शक्तिशाली, कुन प्रकोपको पुनरावृति हुने संभावना कति छ भनी संख्यात्मक रुपमा किटान गर्ने प्रचलन छ ।

प्रकोप सम्बन्धी अन्य शब्दावलीहरुमा Biological Hazard, Geological Hazard, Hydrometerological Hazard, Natural Hazard, Socionatural Hazard एवं Technological Hazard पनि हेर्नुहोस् ।

## Hydrometeorological Hazard- जल तथा मौसमविज्ञान सम्बद्ध प्रकोप



Process or phenomenon of atmospheric, hydrological or oceanographic nature that may cause loss of life, injury or other health impacts, property damage, loss of livelihoods and services, social and economic disruption, or environmental damage.

वायूमण्डलीय र जलविज्ञानसँग सम्बद्ध वा सामुद्रिक प्रकृतिको प्रक्रिया वा घटना जसका कारणले मानव ज्यानको नोक्सानी, घाइते वा अन्य स्वास्थ्य सम्बन्धी असरहरु, धनमालको क्षति, आजीविका र सेवाहरुको नोक्सानी, सामाजिक तथा आर्थिक गतिरोध वा वातावरणीय ह्रास समेत निम्त्याउँछ ।

Comment: Hydrometeorological hazards include tropical cyclones (also known as typhoons and hurricanes), thunderstorms, hailstorms, tornados, blizzards, heavy snowfall, avalanches, coastal storm surges, floods including flash floods, drought, heatwaves and cold spells. Hydrometeorological conditions also can be a factor in other hazards such as landslides, wildland fires, locust plagues, epidemics, and in the transport and dispersal of toxic substances and volcanic eruption material

टिप्पणी: जल तथा मौसमविज्ञान सम्बद्ध प्रकोप अन्तर्गत उष्ण-प्रदेशीय चक्रवातहरु (जो एशियामा टाइफुन वा पश्चिमि मुलुकहरुमा हरिकेनका

नामले चिनिन्छन्), चट्याङ, असिना, टोर्नाडो, उच्च हिमपात, हिमआँधी, समुद्री तुफान, बाढी, सुख्खा, लु, शीतलहर आदि पर्दछन् । यी प्रकोपहरु पहिरो, जंगली आगलागी, प्लेग, महामारी, तथा विषादी वस्तु एवं ज्वालामुखी विष्फोटनबाट प्रक्षेपित पदार्थहरुको प्रसार एवं वितरण जस्ता अन्य खालका प्रकोपका लागि समेत कारण बन्न सक्दछन् ।

## Intensive Risk*- सघन जोखिम




Process or phenomenon of atmospheric, hydrological or oceanographic nature that may cause loss of life, injury or other health impacts, property damage, loss of livelihoods and services, social and economic disruption, or environmental damage.

उच्च प्रकोप घटनाका लागि गाढा जनघनत्व एवं आर्थिक गतिविधिको सम्मुखतासँग गाँसिएको जोखिम जसले गर्दा महाविपद् समेत निम्त्याउन सक्छ र ठूलो परिमाणमा जनधनको क्षति गराउन सक्छ ।

Comment: Hydrometeorological hazards include tropical cyclones (also known as typhoons and hurricanes), thunderstorms, hailstorms, tornados, blizzards, heavy snowfall, avalanches, and coastal storm surges, floods including flash floods, drought, heatwaves and cold spells. Hydrometeorological conditions also can be a factor in other hazards such as landslides, wildland fires, locust plagues, epidemics, and in the transport and dispersal of toxic substances and volcanic eruption material

टिप्पणी: तीव्र जोखिमको खासगरी ठूला शहर अथवा सघन मानव-वस्तीका क्षेत्रहरुको अवस्थालाई जनाउँदछ जुन प्रवल भूकम्प, सक्रिय ज्वालमुखी, भारी बाढी, सुनामी वा आँधीबेहरी जस्ता तीव्र जोखिमहरुको सम्मुख रहेका छन् । "Extensive Risk" पनि हेर्नुहोस् ।

## Land-use Planning- भू-उपयोग योजना




The process undertaken by public authorities to identify, evaluate and decide on different options for the use of land, including consideration of long term economic, social and environmental objectives and the implications for different communities and interest groups, and the subsequent formulation and promulgation of plans that describe the permitted or acceptable uses.


सार्वजनिक प्राधिकार प्राप्त निकायद्धारा भूमि उपयोगका लागि विभिन्न विकल्पहरुको पहिचान, मूल्यांकन र निर्क्यौल गर्ने पद्दति जसअर्न्तगत दीर्घकालीन आर्थिक, सामाजिक तथा वातावरणीय उद्देश्यहरुका साथमा विभिन्न समुदायहरु र इच्छुक समूहहरुको जटिलतालाई ध्यान दिने एवं

स्वीकृत वा स्वीकार्य उपयोग विकल्प व्याख्या गर्ने गरी तद्नुरुपका योजना तर्जुमा तथा जारी गर्ने लगायतका कार्य पर्दछन् ।

Comment: Land-use planning is an important contributor to sustainable development. It involves studies and mapping; analysis of economic, environmental and hazard data; formulation of alternative land-use decisions; and design of long-range plans for different geographical and administrative scales. Land-use planning can help to mitigate disasters and reduce risks by discouraging settlements and construction of key installations in hazard-prone areas, including consideration of service routes for transport, power, water, sewage and other critical facilities.

टिप्पणी: भू-उपयोग योजनाले दिगो विकासमा महत्वपूर्ण योगदान दिन्छ । यसअन्तर्गत अध्ययन तथा नक्शांकन, आर्थिक, वातावरणीय एवं प्रकोप तथ्यांकको विश्लेषण, वैकल्पिक भू-उपयोग निर्क्यौलहरुको तर्जुमाका साथै विभिन्न भौगोलिक तथा प्रशासनिकस्तरमा दीर्घकालीन योजनाका ढाँचाहरु तयार पार्ने लगायतका कार्यहरु पर्दछन् । भू-उपयोग योजनाले प्रकोप उन्मुख क्षेत्रमा बसोबास एवं सडक र राजमाग र अन्य अत्यावश्यक संरचनाको निर्माण वा स्थापना तथा मानव वसोवासलाई निरुत्साहित गरेर यस्ता क्षेत्रमा विपद् अल्पीकरण एवं जोखिम न्यूनिकरणलाई सघाउ पुऱ्याउँदछ ।

## Mitigation- अल्पीकरण



The lessening or limitation of the adverse impacts of hazards and related disasters.

प्रकोपको प्रतिकूल असरहरुका साथै तद्जन्य विपद्को परिणाम स्तरलाई कम पार्ने वा सीमित गराउने कार्यविधि

Comment: The adverse impacts of hazards often cannot be prevented fully, but their scale or severity can be substantially lessened by various strategies and actions. Mitigation measures encompass engineering techniques and hazard-resistant construction as well as improved environmental policies and public awareness. It should be noted that in climate change policy, “mitigation” is defined differently, being the term used for the reduction of greenhouse gas emissions that are the source of climate change.

टिप्पणी: प्रकोपका प्रतिकूल असरहरुलाई पूर्णत: निषेध गर्न प्रायश: नसकिएला, तर तिनीहरुको मात्रा र तीब्रतालाई विभिन्न रणनीति तथा क्रियाकलापद्धारा बेसरी कम पार्न सकिन्छ । अल्पीकरणका उपायहरुमा

ईञ्जिनियरिङ्ग प्रविधि तथा प्रकोप-प्रतिरोधी निर्माण कार्यका साथसाथै सुदृढ वातावरणीय नीतिहरु एवं जनचेतना पर्दछन् । हेक्का गर्नु पर्ने कुरो के छ भने जलवायू परिवर्तन नीतिमा अल्पीकरणलाई फरक ढंगले परिभाषित गरिएको छ त्यस अनुसार जलवायू परिवर्तको कारक-तत्वको रुपमा रहेको हरितगृह ग्याँसहरुका उत्सर्जनलाई न्यूनिकरण गर्ने सन्दर्भलाई बुझाउँदछ ।

## National Platform for Disaster Risk Reduction- विपद् जोखिम न्यूनिकरणका लागि राष्ट्रिय मञ्च:



A generic term for national mechanisms for coordination and policy guidance on disaster risk reduction that are multi-sectoral and inter-disciplinary in nature, with public, private and civil society participation involving all concerned entities within a country.


विपद् जोखिम न्यूनिकरणका कार्यहरु बहुपक्षीय एवं बहुआयमिक हुन्छन् र यस्ताको कार्यान्वयनमा राज्यभित्र रहेका सम्पूर्ण सार्वजनिक, नीजि एवं नागरिक समाजका सरोकारवाला तर्फ सहभागिता अत्यावश्यक हुन्छ । एकअकासँग अन्योन्याश्रित ढंगले गाँसिएका सम्पूर्ण सम्बन्धित संस्थाहरुको कार्यबीचे समन्वय र तदनुरुप सामञ्जश्यपूर्ण नीतिगत निर्देशनका लागि निर्माण गरिने राष्ट्रियस्तरको संयन्त्रका लागि प्रयुक्त हुने आधारभूत शब्दावली विपद् जोखिम न्यूनिकरणका लागि राष्ट्रिय मञ्च हो ।

Comment: This definition is derived from footnote 10 of the Hyogo Framework. Disaster risk reduction requires the knowledge,

capacities and inputs of a wide range of sectors and organisations, including United Nations agencies present at the national level, as appropriate. Most sectors are affected directly or indirectly by disasters and many have specific responsibilities that impinge upon disaster risks. National platforms provide a means to enhance national action to reduce disaster risks, and they represent the national mechanism for the International Strategy for Disaster Reduction.

टिप्पणी: यो परिभाषा ह्योगो कार्य-संरचना (Hyogo Framework) को पादटिप्पणी १० बाट साभार गरिएको हो । विपद् जोखिम न्यूनिकरणका लागि प्रत्येक विकाशकृयाका क्षेत्र र मुलुकमा भएका प्रत्येक विभाग र संस्थाहरुको ज्ञान, क्षमता लक्ष्य र विचारहरुको संयोजनको आवश्यकता हुन्छ । यी सस्थाहरुको व्यापकता भित्र राष्ट्रिय स्तरका जसमा मुलुक भित्र रहेका राष्ट्रसंघीय निकायहरु समेत आवश्यकता अनुरुप पर्दछन् । विपद्बाट प्रायः सवैजसो विकाश वा सेवा क्षेत्रलाई प्रत्यक्ष वा अप्रत्यक्षहरुपमा प्रभावित हुन्छन् र धेरै क्षेत्रसँग विपद् जोखिमलाई सम्वोधन गर्ने जिम्मेवारी समेत तोकिएको हुने गर्छ । राष्ट्रिय मञ्चले विपद् जोखिमलाई न्यूनीकरणका राष्ट्रिय प्रयासलाई समुन्नत बनाउन सहयोग प्रदान गर्दछ, साथै राष्ट्रसंघीय विपद् न्यूनिकरण निकायका लागि राष्ट्रिय संयन्त्रको रुपमा समेत प्रतिनिधित्व गर्दछ ।

## Natural Hazards- प्राकृतिक प्रकोप



Natural process or phenomenon that may cause loss of life, injury or other health impacts, property damage, loss of livelihoods and services, social and economic disruption, or environmental damage.

प्राकृतिक उदगमको ती प्रक्रिया वा घटना जसका कारणले जिउधनको नोक्सानी, घाइते तथा स्वास्थ्य सम्बन्धी अन्य असरहरुका साथै धनमालको क्षति, आजिविका तथा सेवाहरुको नोक्सानी, सामाजिक तथा आर्थिक गतिरोध वा वातावरणीय ह्रास निम्त्याउँछ ।

Comment: Natural hazards are a sub-set of all hazards. The term is used to describe actual hazard events as well as the latent hazard conditions that may give rise to future events. Natural hazard events can be characterized by their magnitude or intensity, speed of onset, duration, and area of extent. For example, earthquakes have short durations and usually affect a relatively small region, whereas droughts are slow to develop and fade away and often affect large regions. In some cases hazards may be coupled, as in the flood

caused by a hurricane or the tsunami that is created by an earthquake.

टिप्पणी: प्राकृतिक प्रकोप भनेको मानवजतिले बेहोर्नु पर्ने सम्पूर्ण प्रकोपको एउटा हिस्सा मात्र हो । यो शब्दावलीलाई घटिसकेका प्रकोपका घटनाका साथसाथै भविष्यमा आउन सक्ने प्रकोप घटनाहरुमा कारक प्रकृया र अवस्थालाई समेत जनाँउछ । प्राकृतिक प्रकोपको घटनालाई त्यसको परिमाण वा तीव्रता, आक्रमणको वेग, अवधि तथा प्रभावको क्षेत्र विस्तारका आधारमा व्याख्या गर्न सकिन्छ । उदाहरणका लागि भूकम्पको प्रकृया छोटो हुन्छ र प्रायशः तुलनात्मकरुपमा सानो क्षेत्रलाई प्रभावित पार्ने गर्दछ तर अनावृष्टि, अनिकाल (सुख्खा)को प्रकोप विस्तारै विकसित हुन्छ र प्रायः व्यापक क्षेत्रलाई प्रभावित पार्ने गर्दछ । कतिपय घटनामा प्रकोपहरु जोडिएर आउन सक्छन् जस्तो बाढीको कारकको रुपमा हरिकेन नामक आँधी वा चुनामी रहन सक्छन् जुन भूकम्पद्धारा सृजित हुन्छन् ।

## Preparedness- पूर्वतयारी:



The knowledge and capacities developed by governments, professional response and recovery organizations, communities and individuals to effectively anticipate, respond to, and recover from, the impacts of likely, imminent or current hazard events or conditions.


आसन्न वा जारी प्रकोपको घटना वा अवस्थाका असरहरुबारे प्रभावकारी ढंगले पूर्वअभ्यस्त हुनु र पूर्वानुमान प्रतिकार्य एवं पुनर्लाभ कार्य गर्नका लागि सरकारी तथा गैरसरकारी निकाय, समुदाय र व्यक्तिको तहमा समेत विकस गरिएको ज्ञान, दक्षता तथा क्षमता ।

Comment: Preparedness action is carried out within the context of disaster risk management and aims to build the capacities needed to efficiently manage all types of emergencies and achieve orderly transitions from response through to sustained recovery. Preparedness is based on a sound analysis of disaster risks and good linkages with early warning systems, and includes such activities as

contingency planning, stockpiling of equipment and supplies, the development of arrangements for coordination, evacuation and public information, and associated training and field exercises. These must be supported by formal institutional, legal and budgetary capacities. The related term "readiness" describes the ability to quickly and appropriately respond when required.

टिप्पणी: पूर्वतयारीका कार्यहरु विपद् जोखिम व्यवस्थापनको सन्दर्भमा सञ्चालन गरिन्छ । यसले सबै खालका आपत्कालीन अवस्थालाई प्रभावकारी व्यवस्थापन गर्न आवश्यक क्षमताहरु निर्माण गनुका साथै प्रतिकार्य देखि दीगो पुनर्लाभ सम्मको चरणहरुको संक्रमण प्रकृयालाई अवरोध रहित सहज एवं क्रमिक बनाउने प्रत्येक श्रृंखलाबद्ध कुरामा ध्यान दिन्छ । पूर्वतयारी कार्य विपद् जोखिमको सही विश्लेषण र पूर्व चेतावनी प्रणालीको सुदृढ समन्वयमा आधारित हुन्छ र यसले भैपरी अवस्थाको प्रबन्ध गर्ने उपकरणहरुको भण्डारण र आपूर्ति गर्ने; समन्वय, निस्क्रमण तथा सार्वजनिक सूचना सम्बन्धी उचित चाजोपाँजो मिलाउने र सम्बद्ध विषयमा तालिम तथा स्थलगत अभ्यास संचालन गर्ने लगायतका विषयलाई समेत समाहित गर्दछ । पूर्वतयारीले समेटन यी सम्पूण कार्यहरुलाई मुलुकको औपचारिक संस्था, नियम कानून तथा अर्ध विनियोजन सम्बन्धि प्रावधानहरुले सघाउनु पर्दछ । अर्को शब्द तयारी अवस्था ९च्भबमष्लभकक० ले चाहिँ आवश्यक परेको बेलामा तत्काल र सही ढंगले प्रतिकार्य गर्न सक्ने क्षमतालाई व्याख्या गर्दछ ।

## Prevention- निवारण




The outright avoidance of adverse impacts of hazards and related disasters.

प्रकोप तथा सम्बद्ध विपद्का प्रतिकूल असरहरुलाई तत्काल छल्न सक्ने पद्धति वा क्षमता

Comment: Prevention (i.e. disaster prevention) expresses the concept and intention to completely avoid potential adverse impacts through action taken in advance. Examples include dams or embankments that eliminate flood risks, land-use regulations that do not permit any settlement in high risk zones, and seismic engineering designs that ensure the survival and function of a critical building in any likely earthquake. Very often the complete avoidance of losses is not feasible and the task transforms to that of mitigation. Partly for this reason, the terms prevention and mitigation are sometimes used interchangeably in casual use.

टिप्पणी: निवारण (अर्थात विपद निवारण) ले संभावित प्रतिकूल असरहरुलाई अग्रिम रुपमा कार्यान्वयन गरिएको कार्यक्रमहरुद्वारा पूर्णरुपले छल्ने ती बाट किंचित पनि प्रभावित नहुने अवस्थामा पुऱ्याउने धारणा तथा चाहनालाई अभिव्यक्त गर्दछ । उदाहरणको रुपमा बाढीको जोखिम हटाउनका लागि बाँध वा तट्बन्ध, उच्च जोखिम क्षेत्रमा बसोवासका लागि अनुमति नदिने सम्बन्धी भू-उपयोग नियम-विनियम, तथा भूकम्पीय जोखिमयूक्त क्षेत्रमा आवासह रुमा सेवा सुचारु राख्ने र जीवन रक्षाका लागि भूकम्पीय हिसाबले सुरक्षित भवन निर्माण कार्य आदिलाई लिन सकिन्छ । अधिकांश अवस्थामा पूर्णरुपमा क्षतिलाई रोक्नसक्ने संभावना रहँदैन र कार्यक्रमहरु अल्पीकरणका प्रयासहरु रुपान्तरित हुन्छन् । यसकारण "निवारण" र "अल्पीकरण" भन्ने शब्दावलीहरु कहिलेकाही अनौपचारिक तवरमा समानार्थी सरि रुपमा पनि प्रयोग गर्ने गरिन्छ ।

## Prospective Disaster Risk Management*- दृगगोचरिय विपद् जोखिम व्यवस्थापन



Management activities that address and seek to avoid the development of new or increased disaster risks.

हाल देखा नपरेको तर भविष्यमा आईपर्न सक्ने संकेत देखिएका नयाँ तथा बढ्दो विपद् जोखिमलाई सम्बोधन गर्ने तथा तदजन्य संभाव्य असरलाई छल्नका लागि संचालन गरिने व्यवस्थापकीय क्रियाकलापहरु ।

Comment: This concept focuses on addressing risks that may develop in future if risk reduction policies are not put in place, rather than on the risks that are already present and which can be managed and reduced now. See also Corrective disaster risk management.

टिप्पणी: यो अवधारणाले हाल पहिल्याइएका र व्यवस्थापन एवं न्यूनिकरण गर्न सकिने जोखिमहरु भन्दा पनि दृष्टिगोचरण भैसकेका त्यस्ता विपद् जोखिमहरुलाई ईंगित गर्दछ, जुन जोखिम न्यूनिकरण सम्बन्धि नीतिका अभाव वा तिनका कार्यान्वयनको अभावका कारणले जन्मन वा बढन सक्छन् । खासगरी विद्यमान जोखिम जसलाई वर्तमान समयमा व्यवस्थित र न्यूनिकरण गर्न सकिन्छ, त्यसमा भन्दा पनि जोखिम न्यूनिकरण नीति तथा कार्यक्रम अवलम्बन नगर्दा भावी दिनमा विकसित हुनसक्ने जोखिमलाई सम्बोधन गर्ने कुरामा केन्द्रित हुन्छ ।

Corrective Disaster risk Management पनि हेर्नुहोस् ।

## Public Awareness- जनचेतना, जनसचेतना




The extent of common knowledge about disaster risks, the factors that lead to disasters and the actions that can be taken individually and collectively to reduce exposure and vulnerability to hazards.

विपद् जोखिम र विपद् निम्त्याउने कारक-तत्वहरु का साथै प्रकोप सम्मुखता एवं संकटासन्नतालाई क्रमश: न्यूनिकरण गर्दै लैजाने कृयाकलाप र पद्धतिको बारेमा आम जनमानसमा रहेको ज्ञानको स्तर र परिमाण ।

Comment: Public awareness is a key factor in effective disaster risk reduction. Its development is pursued, for example, through the development and dissemination of information through media and educational channels, the establishment of information centres, networks, and community or participation actions, and advocacy by senior public officials and community leaders.

टिप्पणी: जनचेतना भनेको प्रभावकारी विपद् जोखिम न्यूनिकरणको महत्वपूर्ण घटक हो । जन चेतना अभिबृद्धिका तरीकाहरु हुन: प्रकोप र जोखिम न्यूनिकरण सम्बन्धि सरल सहज जानकारी दिने सूचनाको निर्माण तथा सञ्चार एवं शैक्षि माध्यमहरुबाट सूचना प्रवाह, सूचना केन्द्र, संजाल एवं समुदाय र सहभागितामूलक कार्यक्रमको स्थापना, तथा वरिष्ठ सरकारी अधिकारी एवं समुदायका अगुवाहरुको तर्फबाट यस सम्बन्धि अभिव्यक्त दृष्ट्रिकोण, आवहान र पैरवी ।

## Recovery- पुनर्लाभ




The restoration, and improvement where appropriate, of facilities, livelihoods and living conditions of disaster-affected communities, including efforts to reduce disaster risk factors.

विपद्बाट प्रभावित भएका समुदाय औ इलाकाहरुमा आधारभूत सेवाहरुको पुनर्स्थापना आजीविका र जीवन शैलीमा सुधारका साथै विपद् जोखिमका कारकहरुलाई न्यून गर्ने र विपद् पुनर्लाभ मध्येको पुनर्वास र पुनर्निमाणका कार्यहरु आपतकालीन अवस्थाको समाप्तिको लगत्तै प्रारम्भ हुन्छन् । यी कार्यहरु जन-सहभागिताको अनिवार्यतालाई अँगालिएका तथा पुनर्लाभको निम्ति स्पष्ट संस्थागत जिम्मेवारी तोकिएर पहिले नै बनाइएका रणनीति र नीतिका आधारमा तर्जुमा र कार्यन्वयन गरिएको हुनुपर्दछ ।

Comment: The recovery task of rehabilitation and reconstruction begins soon after the emergency phase has ended, and should be based on pre-existing strategies and policies that facilitate clear institutional responsibilities for recovery action and enable public participation. Recovery programmes, coupled with the heightened public awareness and engagement after a disaster, afford a valuable opportunity to develop and implement disaster risk reduction measures and to apply the "build back better" principle.

**टिप्पणी:** पुनर्वास तथा पुनर्निर्माण सम्मिलित पुनर्लाभ कार्य आपत्कालीन अवस्थाको अन्त्यसँगै तुरुन्तै प्रारम्भ हुन्छ र यस्तो कार्य पुनर्लाभ योजनाका लागि सुस्पष्ट संस्थागत उत्तरदायित्वलाई सहजीकरण गर्ने र जनसहभागितालाई सक्षम बनाउने प्रयोजनका लागि पहिलेदेखि विद्यमान रणनीति एवं नीतिहरुमा आधारित हुनुपर्छ। विपद्पश्चात् उर्लिने जनचेतना र सहभागितासँग गाँसिएर सञ्चालन गरिएका पूनर्लाभ कार्यक्रमहरुले विपद् जोखिम न्यूनिकरणका उपायहरु विकास र कार्यान्वयन गर्न मूल्यवान अवसर प्रदान गर्नुका साथै उन्नत पुनर्निमाणको सिद्धान्त प्रतिपादन गर्न मद्धत पुऱ्याउँछ।

## Residual Risk- अवशिष्ट जोखिम




The risk that remains in unmanaged form, even when effective disaster risk reduction measures are in place, and for which emergency response and recovery capacities must be maintained.

प्रभावकारी विपद् जोखिम न्यूनिकरणका विधिहरु सफलताकासाथ कार्यान्वयन गर्दा पनि व्यवस्थित हुन नसकेको अवस्थामा रहेका त्यस्ता बाँकी रहन गएका जोखिम र जसका लागि आपत्कालीन प्रतिकार्य र पुनर्लाभका क्षमताहरुलाई समुदाय र राष्ट्रले निरन्तर रुपमा सुचारु राख्नु नै पर्दछ ।

Comment: The presence of residual risk implies a continuing need to develop and support effective capacities for emergency services, preparedness, response and recovery together with socio-economic policies such as safety nets and risk transfer mechanisms.

टिप्पणी: थोर बहुत अवशिष्ट जोखिम समाजमा निरन्तररुपमा रहनुले समुदाय वा राष्ट्रमा आपत्कालीन सेवा, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका साथसाथै सुरक्षा जाल र जोखिम ल्याउने जस्ता सामाजिक-आर्थिक नीतिहरुसमेतका लागि प्रभावकारी क्षमता विकास र सघाउ पुऱ्याउन अविच्छिन्न प्रयत्न जारी राख्नु जरुरी छ भन्ने बुझिन्छ ।

## Resilience- उत्थानशीलता



The ability of a system, community or society exposed to hazards to resist, absorb, accommodate to and recover from the effects of a hazard in a timely and efficient manner, including through the preservation and restoration of its essential basic structures and functions.

प्रकोप सम्मुखतामा अवस्थित प्रणाली, समुदाय वा समाजमा रहेको त्यस्तो अन्तर्निहित क्षमता जसले प्रकोपको घातलाई प्रतिरोध, शोषण वा समायोजन गर्नुका साथै प्रकोपको प्रभावबाट समयमै कुशलतापूर्वक उकासिन सामर्थ गराउँछ । उत्थानशीलताको महत्वपूर्ण अंग अत्यावश्यक आधारभूत संरचना र कार्यप्रणालीको अटुट निरन्तरता र शीध्रातिशीध्र पुर्नस्थापनको क्षमता हुन्छ ।

Comment: Resilience means the ability to “resile from” or “spring back from” a shock. The resilience of a community in respect to potential hazard events is determined by the degree to which the community has the necessary resources and is capable of organizing itself both prior to and during times of need.

टिप्पणी: उत्थानशीलता भन्नाले प्रकोपको धक्का वा आघातबाट तत्काल उठ्न सक्ने वा पूर्वावस्थामा फर्कन सक्ने क्षमतालाई जनाउँछ । संभाब्य प्रकोप घटनाको सन्दर्भमा समुदायको उत्थानशीलता मापन गर्दा समुदायसँग रहेको आवश्यक साधन श्रोतको परिमाण र स्तर तथा जरुरी परेको बेलामा र त्यसअघि पनि समुदायले आफुलाई व्यवस्थित गर्न सक्ने क्षमता नै मुख्य हुन्छ ।

## Response- प्रतिकार्य




The provision of emergency services and public assistance during or immediately after a disaster in order to save lives, reduces health impacts, ensure public safety and meets the basic subsistence needs of the people affected.

विपद्को घटनाको बेला वा त्यसपश्चात् तत्कालै जीवन रक्षा गर्ने उद्धार जस्तो आपतकालीन सेवा र नागरिक सहयोग, स्वास्थ्य सम्बन्धी असरहरु न्यून गर्ने, आम नागरिकको सुरक्षा सुनिश्चित गर्ने तथा प्रभावित व्यक्तिहरुको आधारभूत जीवकोपार्जनका खाँचोहरु परिपूर्ति गर्ने प्रयोजनका लागि गरिने प्रावधानहरु ।

Comment: Disaster response is predominantly focused on immediate and short-term needs and is sometimes called "disaster relief". The division between this response stage and the subsequent recovery stage is not clear-cut. Some response actions, such as the supply of temporary housing and water supplies, may extend well into the recovery stage.

टिप्पणी: विपद् प्रतिकार्य मुख्यत: तत्काल एवं अल्पकालीन आवश्यक्ताहरुमा केन्द्रित रहन्छ र कहिलेकाहिँ यसलाई "विपद् राहत" को संज्ञा पनि दिइन्छ । प्रतिकार्य चरण र त्यसको उत्तरवर्ती पुनर्लाभ चरणबीचमा ठयाक्कै विभाजनको रेखा कोर्न गाह्रो छ । केही प्रतिकार्य गतिविधिहरु जस्तो कि अस्थायी आवासको व्यवस्था तथा खानेपानी आपूर्ति आदि पूनर्लाभको चरणमा समेत विस्तारित हुन सक्छन् ।

## Retrofitting- प्रवलीकरण




Reinforcement or upgrading of existing structures to become more resistant and resilient to the damaging effects of hazards.

विद्यमान संरचनालाई प्रकोपका घातक प्रभावहरु प्रतिरोध गर्न सक्ने वा तीप्रति उत्थानशील रहन सक्ने ध्येयले अवलम्बन गरिने सबलीकरण वा गुणस्तर-गुणस्तारोन्नतिको पद्धति ।

Comment: Retrofitting requires consideration of the design and function of the structure, the stresses that the structure may be subject to from particular hazards or hazard scenarios, and the practicality and costs of different retrofitting options. Examples of retrofitting include adding bracing to stiffen walls, reinforcing pillars, adding steel ties between walls and roofs, installing shutters on windows, and improving the protection of important facilities and equipment.

**टिप्पणी:** प्रवलिकरणको प्रयोजनमा भौतिक संरचना (घर, अस्पताल आदि) को डिजाइन र उपयोगको किसिमका साथै प्रकोप-विशेष वा प्रकोप परिदृश्ष्हरुबाट संरचनामा पर्न जाने थ पभार तथा प्रवलिकरणका विभिन्न उपायहरुको व्यवहारिकता एवं लागत खर्चको परिमाण आदि समेतको विस्तृत लेखाजोखा हुनु वा गर्नु पर्दछ । प्रवविकरणका उदाहरणहरुमा घरको विद्यमान पर्खाल भित्तोमा थपिने ठाडो वा तेस्रो बन्धनी खम्बाहरुमा डण्डी राखी गरिएको प्रवलीकरण, भित्ता र छतको जोर्नी बलियो बनाउन, फलामे बन्धनको प्रयोग, झयालमा थप ...... तथा महत्वपूर्ण सेवा दिने संयन्त्र तथा सुरक्षामा प्रवर्धन आदि पर्दछन ।

## Risk - जोखिम



The combination of the probability of an event and its negative consequences.

कुनै पनि प्रकोप घटनाको संभाब्यता र त्यसका नकारात्मक परिमाणहरुको समग्र अवस्था ।

Comment: This definition closely follows the definition of the ISO/IEC Guide 73. The word "risk" has two distinctive connotations: in popular usage the emphasis is usually placed on the concept of chance or possibility, such as in "the risk of an accident"; whereas in technical settings the emphasis is usually placed on the consequences, in terms of "potential losses" for some particular cause, place and period. It can be noted that people do not necessarily share the same perceptions of the significance and underlying causes of different risks.

*See other risk-related terms in the Terminology: Acceptable risk; Corrective disaster risk management; Disaster risk; Disaster risk management; Disaster risk reduction; Disaster risk reduction plans; Extensive risk; Intensive risk; Prospective disaster risk management; Residual risk; Risk assessment; Risk management; Risk transfer.*

**टिप्पणी:** यो परिभाषा ISO/IEC Guide 73 बाट निर्देशित छ । ”जोखिम” शब्दबाट सामान्यताय दुईवटा अलग अलग भावहरु बुझिन्छ । सहित उपस्थित हुन्छ । जनजिब्रोको बोलीमा जोखिमले घटना हुनसक्ने संयोग वा संभावना भन्ने अर्थलाई जोड दिइन्छ (जस्तै दुर्घटनाको जोखिम) प्रविधिक छलफलको वातावरण भनिने जोखिम भन्ने शब्दले प्रकोपको परिणाममा वढी जोड दिदै जोखिमको अर्थ निश्चित कुनै प्रकोपको कारणले निश्चित ठाँउमा निश्चित समयावधि भित्र हुनसक्ने संभावित जनधन वा धनमालको क्षति भन्ने बुझिन्छ । विचारणीय के छ भने विभिन्न जोखिमहरुको अवस्था र त्यसका अन्तर्निहित कारणहरुका बारेमा आम जनसमुदायको एउटै धारणा नरहन सक्छ ।

यसका लागि जोखिम सम्वद्ध अन्य शब्दावलीहरु पनि हेर्नुहोस् ।

## Risk Assessment- जोखिम निर्धारण



A methodology to determine the nature and extent of risk by analysing potential hazards and evaluating existing conditions of vulnerability that together could potentially harm exposed people, property, services, livelihoods and the environment on which they depend.

जोखिमको प्रकृतिका साथै त्यसको स्तर वा मात्रा निर्धारण गरिने विधि । यस पद्धतिले संभावित प्रकोपहरुको विश्लेषण गर्नुका साथै विद्यमान संकटासन्नताको विविध अवस्थाको पहिचान एवं मूल्याकंन संयुक्त रुपमा गर्दछ । यस प्रकार प्रकोप औ संकटासन्नताको संयुक्त मूल्याकंनबाट मानिस, समुदय, निर्मित संरचना र श्रोत, धनमाल, सेवा, आजिविका तथा वरिपरिका वातावरणमा पर्नसक्ने संभावित क्षतिको सर्म्पूण मूल्याकंन यस विधिबाट हुन्छ ।

Comment: Risk assessments (and associated risk mapping) include: a review of the technical characteristics of hazards such as their location, intensity, frequency and probability; the analysis of exposure and vulnerability including the physical social, health, economic and environmental dimensions; and the evaluation of the effectiveness of prevailing and alternative coping capacities in

respect to likely risk scenarios. This series of activities is sometimes known as a risk analysis process.

टिप्पणी: जोखिमको निर्धारण तथा तत्सम्बन्धि जोखिम नक्शांकन भन्ने पदावलीले निम्न क्षेत्र समेट्छ:

- प्रकोपका प्राविधिक विशेषताहरु जस्तै: स्थान, तीव्रता, आवृति र संभावनाको पुनरावलोकन
- भौतिक, सामाजिक, आर्थिक, वातावरणीय तथा स्वास्थ्यसम्बन्धी आयामहरु लगायतका सम्मुखता एवं संकटासन्नताको विश्लेषण,
- संभाव्य ठानिएको जोखिमको अवस्था बेहोर्नका लागि हाल प्रचलित विद्यमान तथा बैकल्पिक सामना क्षमताको पहिचान गरी प्रभावकारिताबारे मूल्यांकन

## Risk Management- जोखिम व्यवस्थापन



The systematic approach and practice of managing uncertainty to minimize potential harm and loss.

संभावित हानी एवं क्षतिलाई कम पार्नका लागि अन्यौलको अवस्थालाई व्यवस्थित गर्ने सिलसिलावद्ध अवधारणा तथा अभ्यास ।

Comment: Risk management comprises risk assessment and analysis, and the implementation of strategies and specific actions to control, reduce and transfer risks. It is widely practiced by organizations to minimise risk in investment decisions and to address operational risks such as those of business disruption, production failure, environmental damage, social impacts and damage from fire and natural hazards. Risk management is a core issue for sectors such as water supply, energy and agriculture whose production is directly affected by extremes of weather and climate.

**टिप्पणी:** जोखिम व्यवस्थापनभित्र जोखिम निर्धारण र विश्लेषण, तथा जोखिमलाई नियन्त्रित, न्यूनिकृत र स्थानान्तरण गर्ने खालका रणनीति एवं विशिष्ट क्रियाकलापहरुको कार्यान्वयन गर्ने पक्ष समाविष्ट हुन्छन् । विभिन्न संस्थाहरुले यो अवधारणलाई निवेश निर्णयको जोखिम घटाउने देखि कार्यकारी जोखिमहरु जस्तै उद्योग व्यवसायको धन्दामा गतिरोध उत्पादन असफलता, वातावरणीय क्षति, सामाजिक असरहरुका साथै आगलागी एवं प्राकृतिक प्रकोपबाट हुने क्षतिहरु ज्स्तै कार्यकारी जोखिमहरु समेत संबोधन गर्ने सम्मका अवस्थामा व्यापकरुपमा अभ्यास गर्ने गर्दछन् । खानेपानी आपूर्ति, उर्जा र कृषि विशेषगरी जलवायु एवं मौसमको ठूलो बदलावबाट विशेष प्रभावित हुने कृषि आदि क्षेत्रहरुमा जोखिम व्यवस्थापनको कार्य, चूरो महत्वको मानिन्छ ।

## Risk Transfer- जोखिम स्थानान्तरण




The process of formally or informally shifting the financial consequences of particular risks from one party to another whereby a household, community, enterprise or state authority will obtain resources from the other party after a disaster occurs, in exchange for ongoing or compensatory social or financial benefits provided to that other party.


कुनै खास जोखिमका वित्तीय परिणामहरुलाई वा क्षतिपूर्व असरहरुलाई औपचारिक वा अनौपचारिक ढंगले एक पक्षबाट अर्को पक्षमा स्थानान्तरण गर्ने प्रक्रिया जस अन्तर्गत परिवार, समुदाय, व्यवसाय वा राज्यका निकायले अर्को पक्षलाई निरन्तर वा क्षतिपूर्तिको रुपमा दिइएको सामाजिक तथा वित्तीय लाभको सट्टामा विपद् घटनापश्चात् दोस्रो पक्षबाट विविध स्रोत-साधन प्राप्त गर्न सक्छन् ।

Comment: Insurance is a well-known form of risk transfer, where coverage of a risk is obtained from an insurer in exchange for ongoing premiums paid to the insurer. Risk transfer can occur informally within family and community networks where there are

reciprocal expectations of mutual aid by means of gifts or credit, as well as formally where governments, insurers, multi-lateral banks and other large risk-bearing entities establish mechanisms to help cope with losses in major events. Such mechanisms include insurance and re-insurance contracts, catastrophe bonds, contingent credit facilities and reserve funds, where the costs are covered by premiums, investor contributions, interest rates and past savings, respectively.

टिप्पणी: जोखिम स्थानान्तरणको एउटा सुपरिचित स्वरुप बीमा पद्धति हो । जसमा बीमाकर्ताबाट निरन्तर रुपमा भुक्तान गरिएको प्रिमियमको बदलामा जोखिमको क्षतिपूर्ति प्राप्त गर्न सकिन्छ । जोखिम स्थानान्तरण अनौपचारिक रुपमा परिवारभित्र वा सामुदायिक संजालमा पनि संभव हुनसक्छ जहाँ ढुकुटी जस्ताखेलहरुबाट प्राप्त उपहार र ऋणद्वारा पारस्पारिक सहयोग र अपेक्षाहरु परिपूर्ति हुन्छन् । औपचारिकरुपमा सरकार, बीमा संस्था, बहुउद्देश्यीय बैकहरु तथा जोखिम शमन गर्ने ठूला संस्थाहरुले ठूला-ठूला घटनामा हुने क्षतिलाई सामना गर्न सघाउ पुऱ्याउने हेतुले संयन्त्रहरु स्थापना गर्दछन् । यस्ता संयन्त्रहरु भन्नाले बीमा तथा पुनर्बीमा करार, महाविपत्ती ऋृण-पत्र, भैपरी अवस्थाका लागि ऋृण सुविधा तथा संचित कोष लगायत पर्दछन् । यिनका खर्चहरु क्रमशः प्रिमियम, लगानीकर्ताको योगदान, व्याजदर तथा पूर्व बचतहरुमा बेहोरिन्छन् ।

## Socio-natural Hazard*- सामाजिक-प्राकृतिक प्रकोप




The phenomenon of increased occurrence of certain geophysical and hydrometeorological hazard events, such as landslides, flooding, land subsidence and drought, that arise from the interaction of natural hazards with overexploited or degraded land and environmental resources.

प्राकृतिक प्रकोप र हैसियत भन्दा बढी उपयोग गरिएको ह्रासोन्मुख भूमि तथा वातावरणीय श्रोतहरुकाबीचमा हुने अन्तर्क्रियाबाट सृजना हुने बाढी, पहिरो, भूस्खलन तथा सुख्खा लगायतका जस्ता भू-भौतिक तथा जल एवं मौसमविज्ञान सम्बद्ध प्रकोप घटनाको बढ्दो मात्रा तथा आवृतिको घटना प्रकृया ।

Comment: This term is used for the circumstances where human activity is increasing the occurrence of certain hazards beyond their natural probabilities. Evidence points to a growing disaster burden from such hazards. Socio-natural hazards can be reduced and avoided through wise management of land and environmental resources.

टिप्पणी: यो शब्दावलीको प्रयोग मानव कृयाकलापले गर्दा कतिपय प्रकोपहरुको आवृत्ति प्राकृतिक रुपमा घटित हुने संभावनाको हद नाघेर अत्यधिक बढिरहेको अवस्था जनाउनका लागि गरिन्छ । प्रमाणहरुले यस्ता प्रकोपबाट विपद्को भार वृद्धि भइरहको देखाउँछन् । भूमि र वातावरणीय श्रोतको सुझबुझपूर्ण व्यवस्थापनले सामाजिक-प्राकृतिक प्रकोपलाई न्यूनिकरण गर्न र छल्न सकिन्छ ।

## Structural and non-structural Measures- संरचनात्मक तथा गैर-संरचनात्मक उपायहरु



Structural measures: Any physical construction to reduce or avoid possible impacts of hazards, or application of engineering techniques to achieve hazard resistance and resilience in structures or systems;

Non-structural measures: Any measure not involving physical construction that uses knowledge, practice or agreement to reduce risks and impacts, in particular through policies and laws, public awareness raising, training and education.


संरचनात्मक उपायहरु: प्रकोपका संभावित असरहरुलाई न्यून पार्न तथा छल्नका लागि गरिने कुनै पनि भौतिक निर्माणको कार्य, तथा संरचना वा प्रणालीमा प्रकोप प्रतिरोधी क्षमता तथा उत्थानशीलता हासिल गर्न प्रयोग गरिने ईञ्जिनियरिङ्ग प्रविधि ।

गैर-संरचनात्मक उपायहरु: जोखिम र तिनका असरहरु न्यून पार्नका लागि भौतिक निर्माण बाहेकका अन्य उपायहरु जसमा उन्नत नीति-नियम तथा कानुनी प्रावधान, जनचेतना अभिवृद्धि, प्रशिक्षण एवं शिक्षा कार्यक्रममार्फत ज्ञान, अभ्यास र समझदारीको प्रयोग गरिन्छ ।

Comment: Common structural measures for disaster risk reduction include dams, flood levies, ocean wave barriers, earthquake-resistant construction, and evacuation shelters. Common non-structural measures include building codes, land use planning laws and their enforcement, research and assessment, information resources, and public awareness programmes. Note that in civil and structural engineering, the term “structural” is used in a more restricted sense to mean just the load-bearing structure, with other parts such as wall cladding and interior fittings being termed non-structural.

टिप्पणी: विपद् जोखिम न्यूनिकरणका लागि सामान्य संरचनागत उपायहरुअन्तर्गत बाँध, तटबन्ध, समुद्री छाल रोक्ने छेका, भूकम्प -प्रतिरोधी भवन निर्माण तथा निष्कमण आवास आदि पर्दछन् । त्यस्तै, सामान्य गैर-संरचनागत उपायहरुमा भवन निर्माण संहिता, भू-उपयोग योजना सम्बन्धी कानुनी प्रावधान तथा तिनको कार्यान्वयन, अनुसन्धान एवं लेखाजोखा, सूचना श्रोत, तथा जनचेतना अभिबृद्धिका कार्यक्रमहरु पर्दछन् । हेक्का के राख्नु पर्दछ भने सिभिल तथा संरचनात्मक इञ्जिनियरिङ्गमा संरचनागत भन्ने शब्दावलीको प्रयोग केवल भारवाहक संरचनामा बढी सीमित गरिएको पाइन्छ र अन्य अंशहरु जस्तो भित्तो छपाइ (Wall Cladding) र भित्री फिटिङ्गहरुलाई गैर-संरचनात्मक उपाय भनी नामाङ्कन गरिन्छ ।

## Sustainable Development- दिगो विकास




Development that meets the needs of the present without compromising the ability of future generations to meet their own needs.

वर्तमान आवश्यकता पूर्ति गर्ने यस्तो विकास प्रकृया जुन अन्तर्गत भावी पुस्ताको आवश्यकताहरु पूर्ति गर्ने क्षमतासँग सम्झौता गरिएको हुँदैन ।

Comment: This definition coined by the 1987 Brundtland Commission is very succinct but it leaves unanswered many questions regarding the meaning of the word development and the social, economic and environmental processes involved. Disaster risk is associated with unsustainable elements of development such as environmental degradation, while conversely disaster risk reduction can contribute to the achievement of sustainable development, through reduced losses and improved development practices.

टिप्पणी: १९८७ को ब्रन्टल्याण्ड आयोगद्वारा रचित यो परिभाषा अत्यन्त संक्षिप्त एवं सारगर्भित छ तर यसले विकास भन्ने शब्दको अर्थ र सामाजिक, आर्थिक एवं वातावरणीय प्रक्रियाका सन्दर्भमा कैयन सवालहरु अनुत्तरित छोडेको छ । विपद् जोखिम भन्ने कुरा विकासका दिगोपन विरोधी तत्वहरु जस्तै: वातावरणीय ह्रास जस्ता कुरासँग गाँसिएको हुन्छ, र अर्को तर्फबाट हेर्दा विपद् जोखिम न्यूनिकरणले न्यूनिकृत क्षति र सुधारिएका विकास अभ्यासमार्फत दिगो विकास हासिल गर्न महत्वपूर्ण योगदान दिन्छ ।

## Technological Hazard- प्रविधिगत प्रकोप



A hazard originating from technological or industrial conditions, including accidents, dangerous procedures, infrastructure failures or specific human activities, that may cause loss of life, injury, illness or other health impacts, property damage, loss of livelihoods and services, social and economic disruption, or environmental damage.


दुर्घटना, खतरनाक कार्यविधि पूर्वाधार नाकाम हुनु, वा खास खालका मानवीय क्रियाकलाप लगायतका प्रविधिगत तथा औद्योगिक अवस्थाबाट उत्पन्न हुने प्रकोपहरु जसको परिणाम स्वरुप मृत्यु, क्षति, घाइते, विरामी वा अन्य स्वास्थ्य सम्बन्धी असर, धनमालको नोक्सानी, जनजीविका र आधारभूत सेवाहरुमा प्रभाव, सामाजिक तथा आर्थिक गतिरोध, अथवा वातावरणीय क्षति आदि हुन सक्छ ।

Comment: Examples of technological hazards include industrial pollution, nuclear radiation, toxic wastes, dam failures, transport

accidents, factory explosions, fires, and chemical spills. Technological hazards also may arise directly as a result of the impacts of a natural hazard event.

टिप्पणी: प्रविधिगत प्रकोपका उदाहरणमा औद्योगिक प्रदूषण, आणविक विकिरण, विषालु अपशेष, बाँध भत्कनु, यातायात दुर्घटना, कारखानामा हुने विष्फोटन, आगलागी तथा रासायनिक चुहावट पर्दछन् । प्रविधिगत प्रकोपहरु प्रत्यक्षतः प्राकृतिक प्रकोप घटनाका असरका परिणामको रुपमा पनि उत्पन्न हुन सक्छन् ।

## Vulnerability- संकटासन्नता



The characteristics and circumstances of a community, system or asset that make it susceptible to the damaging effects of a hazard.

कुनै समुदाय, प्रणाली वा श्रोत संसाधनका त्यस्ता गुण र विशेषताहरु एवं परिवेश जसले तिनीहरुलाई प्रकोपका घातक प्रभावहरु प्रति विशेष संवेदनशील बनाउछन् ।

Comment: There are many aspects of vulnerability, arising from various physical, social, economic, and environmental factors. Examples may include poor design and construction of buildings, inadequate protection of assets, lack of public information and awareness, limited official recognition of risks and preparedness measures, and disregard for wise environmental management. Vulnerability varies significantly within a community and over time. This definition identifies vulnerability as a characteristic of the element of interest (community, system or asset) which is independent of its exposure. However, in common use the word is often used more broadly to include the element's exposure.

टिप्पणी: संकटासन्नताका विभिन्न पक्षहरु छन् जो विभिन्न जस्तै भौतिक, सामाजिक, आर्थिक वातावरणीय कारकहरुबाट उब्जिन्छन् । उदाहरणको रुपमा भवनहरुको कमजोर डिजाइन र निर्माण, पूँजीको अपर्याप्त संरक्षण, सार्वजनिक सूचना र चेतनाको अभाव, जोखिम र पूर्वतयारीका उपायहरुमा सरकारी आधिकारीक निकायहरुको हुनुपर्ने चासो चिन्तामा रहने सिमितता, तथा सुझबुझपूर्ण वातावरणीय व्यवस्थापनप्रति उपेक्षा आदि पर्दछन् । संकटासन्नताको स्तर र समुदायको विभिन्न अंगमा र विभिन्न समयमा उल्लेख्यरुपमा परिवर्तित हुन्छ । यस परिभाषामा संकटासन्नतालाई समुदाय, प्रणाली वा पूँजीको विभिन्न विशेषताहरुको रुपमा पहिचान गरिएको छ जुन सम्मुखतासँग असम्वद्ध छ । जवकि सामान्य प्रयोगमा संकटासन्नतालाई बढी व्यापक ढंगले समुदाय, प्रणाली वा पूँजीको सम्मुखतालाई समेत समेटेर हेरिन्छ ।

* Emerging new concepts that are not in widespread use but are of growing professional relevance; the definition of these terms remain to be widely consulted upon and may change in future.

* यस्तो संकेत भएका पदावलीहरु उदीयमान नविन अवधारणहरु हुन् जुन हाल त्यति व्यापक प्रयोगमा छैनन् तर पेशागत सान्दर्भिकताका हिसावले महत्वपूर्ण छन्, तिनीहरुका परिभाषा अझै परामर्शका चरणमा छन् र आगामि दिनमा परिवर्तित स्वरुपमा आउन सक्छन् ।

Please find the English publication on this link

http://www.preventionweb.net/english/professional/publications/v.php?id=7817

# परिशिष्ट

## प्रकोप जोखिम व्यवस्थापन सम्बन्धि नेपाली शब्दहरुको चयन/निर्माण कार्यशाला

**५–६ माघ, २०६४, धुलिखेल**

### कार्यशालामा सहभागी व्यक्तिहरुको उपस्थिति

| क्र.सं | नाम | विज्ञ | फोन नं | ठेगाना |
|---|---|---|---|---|
| | श्री कृष्णचन्द्र सिंह प्रधान | साहित्यकार | ४२७२५०५ | ताहाचल |
| | डा. गोविन्दराज भट्टराई | | ४३३०३३४ । ९८५१०८१८४४ | |
| | डा. देवी गौतम | भाषाशास्त्री | ४३३२८५४ | त्रि.वि.वि, नेपाली शिक्षण विभाग, कीर्तिपुर |
| | डा. देवी प्रसाद सुवेदी | साहित्यकार | ४३५०७४६ | त्रि.वि.वि, नेपाल शिक्षण विभाग, कीर्तिपुर |
| | डा. ध्रुव चन्द्र गौतम | साहित्यकार | ४७२०९७५ | |
| | डा. माधव पोखरेल | भाषाशास्त्री | ५५२६५४३ | त्रि.वि.वि, नेपाल शिक्षण विभाग, कीर्तिपुर |
| | प्रा. मोहनराज शर्मा | भाषाशास्त्री | ४३३११७२ । ४३३१२७९ | किर्तिपुर |
| | श्री मदनमणि दीक्षीत | साहित्यकार | ४४१९३६९ | कालिकास्थान |
| | डा. योगेन्द्र यादव | भाषाशास्त्री | ४३३१२१० । ४३३१६७८ । ९८४१३९९७४८ | त्रि.वि.वि, अंग्रेजी शिक्षण विभाग, कीर्तिपुर |
| . | प्रा. राजेन्द्र सुवेदी | साहित्यकार | ४४७४०४९ | त्रि.वि.वि, नपाली शिक्षण विभाग, कीर्तिपुर |
| . | श्री शान्त दास मानन्धर | साहित्यकार | ४२४१९६६ | |
| . | श्री शरद चन्द्र वस्ती | साहित्यकार | ४४३१९९९ | कीर्तिपुर |

| | | | | |
|---|---|---|---|---|
| . | डा. चूडामणि बन्धु | भाषाशास्त्री | ५५२२७७९ | कीर्तिपुर |
| . | डा. हेमाङ्ग राज अधिकारी | भाषाशास्त्री | ४४१९२४२ | त्रि.वि.वि, शिक्षा शास्त्र संकाय, कीर्तिपुर |
| . | डा. तुलसी भट्टराई | साहित्यकार | | काठमाण्डौ |
| . | श्री कृष्ण मुरारी भण्डारी | सम्पादक | | कान्तिपुर पब्लिकेशन |
| . | श्री थिर ब. जि.सि. | उप सचिव | | गृह मन्त्रालय |
| . | श्री श्याम सुन्दर ज्ञवाली | टिम लिडर | | एक्सन एड नेपाल |
| . | श्री आमोद मणि दीक्षित | कार्यकारी निर्देशक | | भू.प्र.रा.स. |
| . | श्री सूर्य नारायण श्रेष्ठ | उपकार्यकारी निर्देशक | | भू.प्र.रा.स. |
| . | श्री विजय कृष्ण उपाध्याय | वरिष्ठ तालिम विशेषज्ञ | | भू.प्र.रा.स. |
| . | श्री किरण पोखरेल | पत्रकार | | भू.प्र.रा.स. |

**UNISDR Geneva**
**Tel. :+41 22 917 8908/8907**
**isdr@un.org**
**www.unisdr.org**

**Asian Disaster Reduction and Response Network (ADRRN)**
**15/A First Floor, Institutional Area, Sector-IV, R.K. Puram,**
**Tel : +81.78.766.9412**
**Tel: 91-11-26174272,26174572**
**Fax: 91-11-26174572**

**National Society for Earthquake Technology-Nepal (NSET)**
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल
सैंबु गा.वि.स. वडा नं. ४, भैंसेपाटी आवास क्षेत्र, ललितपुर, पो.ब.नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२,
इ-मेल: nset@nset.org.np, वेब साइट: www.nset.org.np